का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ चैत २०८२
बुधबार
18 March 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नुस्

वर्ष २४, अंक ५५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भाजपा अध्यक्षका सहयोगी प्रतिनिधिसभामा




**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, ३ चैत

भारतीय जनता पार्टी (भाजपा)का अध्यक्ष अमित शाहको सचिवालय सदस्यका रूपमा केही वर्ष काम गरेका व्यक्ति हुन् - सन्दीप राना । शाहको सचिवालयमा रहेर उनले तीन वर्षभन्दा धेरै समय काम गरेका थिए ।

भारतबाट फर्केर आन्तरिक पर्यटन प्रवर्द्धनको काममा लागेका सन्दीप नेपाली भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन र शिक्षा क्षेत्रको उत्थानमा सक्रिय छन् । उनै राना यसपटक पाल्पा १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

२१ फागुनमा सम्पन्न निर्वाचनमा देशैभरि 'घन्टी' बज्यो र जताततै 'बालेन-बालेन'को हावा चल्यो । परिणामस्वरूप राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन नै नभएका र उम्मेदवार नै नचिनिएका क्षेत्रमा समेत घन्टीले ठूलो मतान्तरले जित्यो ।

> सन्दीप रानाको जित नेपाली कांग्रेसका लागि त खडेरीमा जोगिएको फूलसरह भएकै छ, पाल्पाको राजनीति थाहा पाएकालाई भने छक्क पार्ने नतिजा

त्यत्तिकै अप्रत्याशित तरिकाले पाल्पा क्षेत्र नं. १को नतिजा पनि आएको हो । जहाँ घन्टीको आवाज मधुरो सुनिएको मात्र होइन, ३४ वर्षसम्म वामपन्थीले मात्र जित्दै आएको क्षेत्रमा नेपाली कांग्रेसका ३८ वर्षे उनै सन्दीप रानाले जिते । यो जित नेपाली कांग्रेसका लागि त खडेरीमा जोगिएको फूलसरह भएकै छ, पाल्पाको राजनीति थाहा पाएकालाई भने छक्क पार्ने नतिजा । विगतमा पाल्पाका सबै क्षेत्र 'कांग्रेसले ठूलो मतान्तरले हार्ने' क्षेत्र मानिन्थे । बहुदल प्राप्तिपछि २०४८ सालबाहेकका >>> पृष्ठ २ मा

> सन्दीप सामान्य परिवारको भाइ हो, पढ्ने र काम पनि गर्ने हिसाबले भारत गएको हो । उनको सक्रियताका कारण अमित शाहको सचिवालयमा काम गर्ने मौका पाए ।



**हिमालदत्त श्रेष्ठ**
कांग्रेस सभापति, पाल्पा

# संसदीय आचरण सिक्दै रास्वपा



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ चैत

प्रतिनिधिसभा सदस्य निर्वाचनमा करिब दुईतिहाइ बहुमतसहित पहिलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी 'रास्वपा' संसद् छिर्नुअघि सांसदहरूलाई संसदीय अभ्यास र आचरण सिकाउनमा केन्द्रित भएको छ ।

रास्वपाका नवनिर्वाचित सांसदलाई काठमाडौंमा बोलाएर पार्टीले संसदीय अभ्यासका बारेमा प्रशिक्षण दिन थालेको हो ।

मंगलबार ललितपुरको ग्वार्कोस्थित रोयल टुलिप होटलमा रास्वपाका सांसदहरू अभिमुखीकरणमा सहभागी भए । प्रत्यक्षमा १२५ र समानुपातिकतर्फ ५७ सहित १८२ सिट लिएर संसद्मा जाने तयारी गरेको रास्वपामा अधिकांश सांसदहरू नयाँ छन् । अघिल्लो संसद्मा रहेका २१ सांसदमध्ये यसपटक १२ जना मात्रै दोहोरिएका छन् । बाँकी सबै नयाँ अनुहार लिएर एकल सरकार बनाउने तयारीमा रहेको रास्वपाले संसदीय अभ्यास, मर्यादा, पार्टीको नीतिलगायत विषयमा प्रशिक्षण गराउने योजनाका साथ अभिमुखीकरण राखिएको जनाएको छ ।

> संसद् छिर्नुअघिको प्रशिक्षणलाई रास्वपाले आफ्नो संसदीय यात्राको महत्वपूर्ण कडीका रूपमा लिएको छ ।


रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले नवनिर्वाचित सांसदहरूलाई जिम्मेवारी र संसदीय भूमिकाका विषयमा स्पष्ट पार्न यो प्रशिक्षण राखिएको बताए । संसद्मा पार्टीको उपस्थिति प्रभावकारी बनाउन र जनसरोकारका मुद्दालाई कसरी उठाउने भन्ने विषयमा विज्ञहरूले सांसदहरूलाई प्रशिक्षण दिएको उनले बताए । 'यो प्रशिक्षणलाई रास्वपाले आफ्नो संसदीय यात्राको महत्वपूर्ण कडीका रूपमा लिएको छ,' महामन्त्री बुर्लाकोटीले भने, 'सांसदहरूलाई जिम्मेवारी र संसदीय भूमिकाका विषयमा स्पष्ट पार्न यो प्रशिक्षण महत्वपूर्ण हुनेछ ।'

रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेको छ । उनको नेतृत्वमा बन्ने आगामी सरकारलाई जनहितमा काम गर्न र खबरदारी गर्ने विषयमा समेत रास्वपाका सांसदहरूले भूमिका खेल्ने नेताहरूको दाबी छ । रास्वपाका उपसभापति स्वर्णिम वाग्लेले संसदीय लोकतन्त्रमा सरकारको कामप्रति 'वाचडग'को भूमिका खेल्ने जिम्मा >>> पृष्ठ २ मा

# दुई सदनमा दुईखाले अंकगणित

## तल्लोमा रास्वपा, माथिल्लोमा कांग्रेस-एमालेकै वर्चस्व

२७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका मात्रै १८२ जना सांसद छन् । ५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेस, एमाले र नेकपा मिल्दा ५१ जना सांसद पुग्छन् । यस्तो संसदीय अंकगणितमा एउटा सदनलाई पन्छाएर अर्को सदन अगाडि बढ्न सक्दैन ।






> कानुन निर्माण र बजेटमा प्रतिनिधिसभाले विशेषाधिकार प्रयोग गर्न सक्ने भए पनि संविधान संशोधनसहित दीर्घकालीन महत्वका काममा राष्ट्रिय सभाको भूमिका अपरिहार्य छ ।

**राजेन्द्र फुयाँल**
पूर्वसचिव, राष्ट्रिय सभा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ चैत

नेपालको संघीय संसद् दुई सदनात्मक छ । गत फागुन २१ गते सम्पन्न निर्वाचनपछि दुई सदनमा दुईखाले अंकगणित हुन पुगेको छ । तल्लो सदन अर्थात्, प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र माथिल्लो सदन अर्थात् राष्ट्रिय सभामा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीकै वर्चस्व छ ।

२७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका मात्रै १८२ जना सांसद छन् भने बाँकी ९३ सांसद अन्य दलका छन् । नेपाली कांग्रेसका ३८, नेकपा एमालेको २५, नेपाली कम्युनिस्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका सात र राप्रपाका पाँचजना सांसद छन् । तर, राष्ट्रिय सभाको अंकगणित भने फरक >>> पृष्ठ २ मा

**नागरिक लगानी कोष**

सहभागीहरूलाई कोषले प्रदान गर्ने धितोमा आधारित कर्जासम्बन्धी जानकारी

| विवरण / शीर्षक | आवास कर्जा (घर खरिद/घर निर्माण) | जग्गा खरिद कर्जा | घर मर्मत /फिनिसिङ | सरल कर्जा (सामाजिक कार्यका लागि) | सवारी कर्जा |
|---|---|---|---|---|---|
| **योग्य हुने समय सीमा** | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । |
| **कर्जा रकमको सीमा** | सुरु तलबमानको २० वर्षबराबरको तलब वा रु.१ करोड (पति/पत्नी दुवै जना कोषको सहभागी भएमा रु.१ करोड ५० लाख) मध्ये जुन कम हुन्छ । | सुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. ७५ लाखमध्ये जुन कम हुन्छ । | अधिकतम रु. २५ लाख सम्म । | न्यूनतम रु. ५ लाख, अधिकतम रु. ५० लाखसम्म । | सुरु तलवमानको १० बर्षको रकम वा अधिकतम रु. ५० लाखसम्म । |
| **धितो सूरक्षण (धितो मूल्यांकन कर्जा कार्यविधिअनुरुप हुने)** | घर जग्गा | घर जग्गा | घर जग्गा | घर जग्गा | सवारीसाधन/थप धितो |
| **कर्जाको अवधि** | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | ५ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । सेवा अवधिभित्र नवीकरण गर्न सकिने । | ७ बर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । |
| **किस्ता भुक्तानीसम्बन्धी व्यवस्था** | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | मासिक किस्तावन्दी । |
| **ब्याजदर *** | ७ प्रतिशत | ७ प्रतिशत | ७ प्रतिशत | ७.२५ प्रतिशत | ७.२५ प्रतिशत |
| **छुटसम्बन्धी व्यवस्था** | **आर्थिक वर्षमा पाकेको सम्पूर्ण ब्याज पुस मसान्त र असार मसान्तमा नियमित ब्याज भुक्तानी गरेमा ब्याज रकमको ०.५ प्रतिशत छुट प्रदान गरिनेछ ।** | | | | |

*समय समयमा पुनरावलोकन हुन सक्नेछ ।

थप जानकारीका लागि :
**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं ०१-५९७०२०१
शाखा कार्यालयहरू:
विराटनगर : ०२१-४७४९९६, जनकपुर : ०४१-५९१२३६/३७, पोखरा : ०६१-५४३२३४,
बुटवल : ०७१-५३४५२१, सुर्खेत : ०८३-५९०३४९४, धनगढी : ०९१-५९०३२५

**वैदेशिक रोजगार विशेष**

# खाडीका ७ मुलुकको श्रम स्वीकृति खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन

सरकारले मध्यपूर्वका केही देशका लागि पुनः श्रम स्वीकृति खुला गर्ने निर्णय गरेको छ भने केही मुलुकमा स्थगन यथावत् राखिएको छ ।

मन्त्रालयले गत फागुन १७ गतेको निर्णयअनुसार मध्यपूर्वका देशहरूमा विषम परिस्थितिका कारण त्यहाँ कार्यरत नेपाली श्रमिक एवं रोजगारीका लागि जान चाहनेहरूको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै पुनः श्रम स्वीकृति र संस्थागत श्रम स्वीकृति रोकेको थियो । उक्त निर्णयपछि विदेशमा कार्यरत नेपाली श्रमिक तथा पुनः रोजगारीका लागि फर्कन चाहने श्रमिकहरू प्रभावित भएका थिए ।

मन्त्रालयले मंगलबार एक विज्ञप्ति जारी गर्दै गैरआवासीय नेपाली संघ, विभिन्न दूतावास तथा श्रमिकहरूबाट पुनः श्रम स्वीकृति खुलाउन माग आएपछि परराष्ट्र मन्त्रालयको सिफारिस र वैदेशिक रोजगार विभागको रायका आधारमा पुनः श्रम स्वीकृति खुला गर्ने निर्णय गरिएको जनाएको छ ।

नयाँ निर्णयअनुसार साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (-युएई), कतार, ओमान, यमन, जोर्डन र टर्कीमा >>> पृष्ठ २ मा

## युद्धले खाडीका साढे ३ करोड आप्रवासी कामदार उच्च जोखिममा

**काठमाडौं/मस-** अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वका कारण खाडी क्षेत्रमा कार्यरत करिब ३ करोड ५० लाख आप्रवासी कामदार उच्च जोखिममा देखिएको भन्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले ध्यानाकर्षण गराएका छन् ।

अमेरिकी सैन्य हमलापछि सुरक्षाको जोखिम र आर्थिक अस्थिरताको खतरा सामना गर्दै हाल नेपालसहित भारत, पाकिस्तानका आप्रवासी कामदारहरू युएई, >>> पृष्ठ २ मा

## भाजपा...

निर्वाचनमा नेपाली कांग्रेस पराजित हुँदै आएकाले कांग्रेसकै नेताहरूले जित्नसक्ने सम्भावना नभएको क्षेत्रका रूपमा राखेका थिए, पाल्पा १ लाई । देशैभरि प्रतिकूल अवस्था सिर्जना भएका बेला ३८ वर्षीय रानाले एमालेको विरासत भत्काउँदै त्यस्तो ठाउँबाट ३४ वर्षअघि गुमेको कांग्रेसको विरासत फिर्ता ल्याउन सफल भए । पछिल्लो अर्थात् २०७९को प्रतिनिधिसभा निर्वाचनमा फराकिलो मतान्तरसहित निर्वाचित भएका एमाले उम्मेदवार नारायणप्रसाद आचार्यलाई एक हजार ५१७ मतले पछि पार्दै सन्दीप प्रतिनिधिसभा सदस्य निर्वाचित भए। निकटतम प्रतिद्वन्द्वी आचार्यले १६ हजार ८१९ मत प्राप्त गर्दा रानाले कुल १८ हजार ३३६ मत ल्याएका थिए। विसं २०४४ सालमा रामपुर नगरपालिका-४, गिजिनडाँडामा जन्मिएका राना नेपाल विद्यार्थी संघका स्कुले कार्यकर्ता हुन्, सन्दीप। क्याम्पस जान थालेपछि नेवि संघ पाल्पाको जिल्ला कार्यसमिति सदस्य हुँदै सक्रिय राजनीतिमा लागेका रानाको पदीय हैसियत कांग्रेसको महासमिति सदस्य र लुम्बिनी प्रदेश सदस्यसमेत हो ।

नेपालमा राजनीति गर्दागर्दै उच्चशिक्षाका लागि दिल्ली विश्वविद्यालय पुगेका सन्दीपले त्यहाँ राजनीतिशास्त्र र कानुनको अध्ययन थालेका थिए। स्वदेशमा जस्तै त्यहाँ पनि विद्यार्थी राजनीतिको गतिविधिमा संलग्न भएका उनी नेपाल विद्यार्थी संघ भारतको सभापति, विश्व विद्यार्थी युवा संघको अन्तर्राष्ट्रिय सचिव, अन्तर्राष्ट्रिय बिपी चिन्तन प्रतिष्ठानको अध्यक्षसमेत भए । भारतमै रहँदा त्यहाँ भारतीय जनता पार्टीको सरकार आयो। नरेन्द्र मोदी प्रधानमन्त्री र भाजपाका तत्कालीन अध्यक्ष राजनाथ सिंह गृहमन्त्री बनेपछि अमित शाह भाजपा प्रमुख बने । उनै भाजपा अध्यक्ष शाहको सचिवालयमा रहेर सन्दीपले केही वर्ष काम गरेका हुन् ।

विसं २०७२को विनाशकारी भूकम्प, कोरोना महामारीको समयमा रानाले स्थानीयलाई सहयोग गरेका थिए। सन्दीप पूर्वी पाल्पामा शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन तथा खेलकुद क्षेत्रको विकाससँगै स्वरोजगार सिर्जना गर्न, स्थानीय, कला, संस्कृतिको जर्गेना तथा प्रवर्द्धनमा समेत निरन्तर सक्रिय थिए। भारतबाट फर्किएपछि पाल्पाको कांग्रेस राजनीतिमा सक्रिय उनी अघिल्लो निर्वाचनमा समानुपातिकतर्फ बन्दसूचीमा थिए। हाल नेपाली कांग्रेसको महासमिति सदस्य तथा लुम्बिनी प्रदेशका सदस्यसमेत छन् ।

सन्दीपलाई स्कुलमा छँदा २०६० सालमा आफैले नेविसंघको सदस्यता दिएको पाल्पा कांग्रेस सभापति हिमालदत्त श्रेष्ठले बताए । उनी भन्छन्, 'सन्दीप सामान्य परिवारको केटा हो, पढ्ने र काम पनि गर्ने हिसाबले भारत गएको थियो। उसको सक्रियताका कारण अमित शाहको सचिवालयमा काम गर्ने मौका पायो।' सन्दीप प्रत्यक्ष निर्वाचनको टिकटका लागि एकल सिफारिस हुनुमा अरू कारण नभएर पाल्पा क्षेत्र नं. १ पहिलेदेखि नै कांग्रेसको कमजोर क्षेत्र मानिनु रहेको सभापति श्रेष्ठ बताउँछन् । '२०४८ सालमा कालुराम रानाले जितेको यो क्षेत्रमा २०५१ सालदेखि एमालेले मात्र जितिरहेको थियो। त्यसका आधारमा अरू साथीहरूले छाडेपछि राना एकल सिफारिसमा परेका हुन्,' उनले भने ।

स्थानीय मुद्दाबारे जानकार र अन्तराष्ट्रिय राजनीतिक मुद्दाहरूमा एक्पोजर पाएका सन्दीपलाई यसपटक पाल्पा १का मतदाताले जिताइदिएका हुन् । युवा उम्मेदवारलाई टिकट दिनुपर्ने कांग्रेसका स्थानीय कार्यकर्ताको अपिल पनि थियो। सोहीअनुसार नेपाली कांग्रेस क्षेत्र नं. १ले सन्दीपलाई प्रतिनिधिसभा सदस्यका उम्मेदवारका रूपमा एकल सिफारिस गरेको थियो। उक्त सिफारिसअनुसार उम्मेदवार भएका सन्दीपले देशव्यापी रास्वपाको लहर आउँदासमेत जित निकाले । अब उनको भूमिका संघीय संसद्मा रहेर नीति बनाउने र सरकारको कामकारबाहीको निरन्तर निगरानी र खबरदारी गर्नेमा केन्द्रित हुनेछ।

मध्यान्हले यसबारे सोध्दा सन्दीपले आफू सानै उमेरदेखि नेवि संघको राजनीति गरेर हुर्किएको र पछि नेपाली कांग्रेसको राजनीतिमा लागेको बताए । भाजपा अध्यक्ष शाहको सचिवालयमा कार्यरत रहँदाको प्रसंगमा भने उनले बोल्न चाहेनन् ।

## संसदीय...

सांसदहरूकै भएको बताएका छन् । उनले भनेका छन्, 'नयाँ सरकारको कामप्रति सांसदहरूले नजिकबाट याद गर्दै 'वाचडग'को भूमिका खेल्नुपर्छ ।' अघिल्लो संसद्मा २१ जना मात्रै सांसद भएकाले सोचेजस्तो डेलिभरी र डेभलपमेन्टमा काम गर्न नसकेको नेताहरूले दाबी गरेका छन् । यसपटक रास्वपाले भनेअनुसारको मत पाएकाले नयाँ सरकारले जनताले भनेअनुसार काम गर्नुपर्ने सहभागी सांसदहरू बताउँछन् । काठमाडौं ८ बाट निर्वाचित सांसद एवं रास्वपाका उपसभापति डिपी अर्यालले अर्को चुनावपछि संसद्मा प्रतिपक्षविहीन बनाउने लक्ष्यका साथ काम गर्नुपर्ने दायित्व रास्वपालाई आएको बताए । अभिमुखीकरण कार्यक्रममा उनले भने, 'हाम्रा छोराछोरी देशमा सुशासन भएन, डेलिभरी भएन, भ्रष्टाचार भयो, हामीहरूलाई बस्नलायक देश बनाइदिनुपर्‍यो भनेर स्कुलका झोला बोकेर सडकमा निस्किए। त्यसबेला हामीहरूको संख्याले पुगेको थियो भने त्यो अवस्था आउँदैनथ्यो। अब हामीसँग पर्याप्त संख्या छ, अब जनताको मन जित्नेगरी काम गर्नुपर्ने दायित्व हामीमाथि आएको छ ।' रास्वपाले लगनशीलता र क्षमतालाई राष्ट्र, राष्ट्रियता र नेपाली जनताका लागि सुम्पिनुपर्नेमा उनले जोड दिएका छन् । 'यसपटकको निर्वाचनमा हामीले १८२ सिट प्राप्त गरेका छौं,' अर्यालले भने, 'तर, यो देशले जित्न बाँकी छ, जनताले जित्न बाँकी छ । त्यसकारण पनि आजको यो कार्यक्रम महत्वपूर्ण छ। हामीले देशले जित्नेगरी डेलिभरीमा र डेभलपमेन्टमा काम गर्नुपर्नेछ।'

आन्तरिक द्वन्द्व, खिचातानी, आन्तरिक लडाइँ, खुट्टा तान्ने प्रवृत्तिबाट टाढा रहनसमेत उनले सांसदहरूलाई निर्देशन दिएका छन् । जनतालाई नयाँ सन्देश दिएर अर्को निर्वाचनसम्म पुग्दै गर्दा नेपाली जनताले प्रतिपक्ष नै नहुनेगरी राष्ट्रिय स्वतन्त्र पार्टीलाई मतदान गर्ने अवस्था आउनेगरी काम गर्नुपर्ने उनको भनाइ छ।

प्रशिक्षणमा रास्वपा सांसदका विभिन्न रंगीविरंगी चित्रहरू देखिएका छन् । तर, ती सबैलाई एउटै छातामुनि राखेर देश र जनहितमा काम गर्ने वातावरण बनाउनु रास्वपाका लागि चुनौतीपूर्ण रहेको विश्लेषकहरू बताउँछन्। रास्वपाका नेताहरूले भने नवनिर्वाचित सबै सांसदले नजानेका विषयमा सिकेर व्यवहारमा कार्यान्वायन गर्न सक्ने भएकाले केही समय संसदीय अभ्यासमा काँचो लागे पनि विस्तारै पाको बन्ने विश्वास गरेका छन् ।

## दुई...

छ । राष्ट्रिय सभामा कांग्रेसका २४, नेपाली कम्युनिस्ट पार्टीका १७, नेकपा एमालेका १०, जनता समाजवादी पार्टी (नेपाल)का दुई, लोसपा र जनमोर्चाका एक/एकजना रहेका छन्। राष्ट्रिय सभामा तीनजना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुन्छन् । राष्ट्रपतिबाट मनोनीत हुने तीनजनामध्ये दुईजना बहाल छन् भने रिक्त रहेको एउटा पदमा गृहमन्त्री ओमप्रकाश अर्यालको नाम सिफारिस भएको छ । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले अर्यालको नाम सिफारिस गरेको हो। सरकार गठनमा राष्ट्रिय सभाको भूमिका हुँदैन। २७५ सदस्यीय प्रतिनिधिसभाले मात्रै सरकार बनाउँछ । तर, कानुन निर्माणमा दुवै सदनको भूमिका रहन्छ । प्रतिनिधिसभा र राष्ट्रिय सभामा फरक-फरक दलको वर्चस्व हुँदा कानुन निर्माणमा दुई पक्षबीच समन्वय आवश्यक हुन्छ।

प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा गएको विधेयक राष्ट्रिय सभाले वा राष्ट्रिय सभाले पारित गरेर पठाएको विधेयक प्रतिनिधिसभाले संशोधन वा अस्वीकार गर्न सक्दछ। एउटा सदनले गरेको निर्णय अर्को सदनले अस्वीकार गरेको अवस्थामा संयुक्त सदन बस्न सक्ने प्रावधान छ । यस्तोमा भने संयुक्त सदनको बहुमतले निर्णय गर्न सक्दछ। यस्तो अवस्था आउँदासमेत प्रतिनिधिसभामा रास्वपाका १८२ सांसद रहेकाले दुवै सदनको बहुमत अर्थात् १६७ मतका लागि समस्या हुँदैन । तर, संविधान संशोधन र महाअभियोगसँग सम्बन्धित प्रस्तावउपरको निर्णय भने दुवै सदनबाट छुट्टाछुट्टै पारित हुनुपर्छ, त्यो पनि दुईतिहाइ बहुमतसहित । यस्तो अवस्थामा भने दुई सदनका फरक-फरक दलको फरक-फरक अंक गणितले अप्ठ्यारो पार्न सक्दछ । राष्ट्रिय सभाका पूर्वसचिव राजेन्द्र फुयाँल सामाजिक सञ्जाल फेसबुकमा लेख्छन्, 'कानुन निर्माण र बजेटमा प्रतिनिधिसभाले विशेषाधिकार प्रयोग गर्न सक्ने भए पनि संविधान संशोधनसहित दीर्घकालीन महत्वका काममा राष्ट्रिय सभाको भूमिका अपरिहार्य छ।' अर्थात्, यी विषयमा प्रतिनिधिसभाले अपरिपक्व निर्णय लिन खोजे राष्ट्रिय सभाले 'चेक' गर्नेछ । प्रतिनिधिसभामा वर्चस्व भएको रास्वपा संसदीय राजनीतिमा केही वर्षअघि मात्रै आएको दल हो । २०७९ असारमा जन्मिएको यो पार्टी २०७९को चुनावमा चौथो दल र यसपटक करिब दुईतिहाइ बहुमतसहितको पहिलो दल बनेको छ। यस्तोमा प्रतिनिधिसभाबाट हुन सक्ने निर्णयलाई 'चेक' गर्ने गरी राष्ट्रिय सभामा भने पुरानै दलहरूको वर्चस्व रहेको हो । जहाँ कांग्रेस, एमाले र नेकपाका सांसदहरू मिल्दा उनीहरू दुईतिहाइ बढी बहुमतमा हुन्छन् ।

# 'जापानिज इन्सेफ्लाइटिस'विरुद्ध खोप अभियान

**नवलपरासी/मस-** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा जापानिज इन्सेफ्लाइटिसको संक्रमणदर बर्सेनि बढ्दै गएपछि ३५ वर्षमाथिका नागरिकलाई लक्ष्य गरी खोप अभियान सञ्चालन गरिएको छ ।



जिल्लाभर यही चैत १ गतेदेखि जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप अभियान सञ्चालन गरिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख केशव चापागाईंले बताए। अभियानअन्तर्गत जिल्लाभित्रका ३५ वर्षमाथिका करिब एक लाख ५० हजारभन्दा बढी नागरिकलाई खोप लगाउने लक्ष्य राखिएको छ ।

'चालु आर्थिक वर्षमा मात्र जिल्लामा जापानिज इन्सेफ्लाइटिसका १५ जना संक्रमित फेलापरेका छन्, तीमध्ये छ जनाको मृत्यु भइसकेको छ', उनले भने, 'संक्रमणदर बर्सेनि बढ्दै जान थालेपछि नवलपरासी (बर्दघाट सुस्तापूर्व)लाई लक्षित गरेर खोप अभियान सञ्चालन गरिएको हो ।'

जिल्लामा रोगको जोखिम बढ्दै गएपछि यसको रोकथामका लागि खोप अभियान सञ्चालन गरिएको जनस्वास्थ्य अधिकृत प्रवीणकुमार खनालले बताए । उनका अनुसार अभियानमार्फत जिल्लाका आठवटै स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन भइरहेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएकामा पाँचजनाको मृत्यु भएको थियो । त्यसैगरी आव २०८०/८१ मा आठजनामा संक्रमण देखिएकोमध्ये एकजनाको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

प्रमुख चापागाईंका अनुसार जापानिज इन्सेफ्लाइटिस क्युलेक्स नामक लामखुट्टेबाट सर्ने रोग हो। यी लामखुट्टे मध्यम आकारका, खैरो रङका र पेटतिर सेतो चिह्न भएका हुन्छन्। यिनीहरूले प्रायः घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन्। विशेषगरी धानबालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख बासस्थान हो । साउन, भदौ र असोजमा जापनिज इन्सेफ्लाइटिस बढी देखिने गर्दछ ।

विश्वभर प्रत्येक वर्ष ५० हजारभन्दा बढी व्यक्तिमा जापनिज इन्सेफ्लाइटिस संक्रमण हुने गरेको तथ्यांक छ । यसमध्ये १० देखि १५ हजार जनाको मृत्यु हुने गरेको जनाइएको छ ।

## खाडीका...

कार्यरत नेपाली श्रमिक तथा बिदामा नेपाल आएका र पुनः ती देश फर्कन चाहने श्रमिकलाई पुनः श्रम स्वीकृति प्रदान गरिनेछ ।

तर इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानका लागि भने श्रम स्वीकृति स्थगन यथावत् रहने मन्त्रालयले जनाएको छ । ती देशहरूमा सुरक्षा तथा परिस्थितिजन्य संवेदनशीलता कायम रहेको मन्त्रालयले उल्लेख गरेको छ । यता वैदेशिक रोजगार विभागले मन्त्रालयले गरेको निर्णय कार्यान्वयनका लागि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमार्फत पुनः आवेदन दिन सकिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई अनुरोध गरेको छ ।

## युद्धले...

कतार र साउदी अरेबियामा काम गरिरहेको द न्युयोर्क टाइम्सले उल्लेख गरेको छ । त्यसमध्ये केहीको मृत्यु र केही घाइते भएका छन् । न्युयोर्क टाइम्सका अनुसार उच्च-घनत्व, कम-गुणस्तरको आवासमा बस्नुपर्ने बाध्यतामा रहेका आप्रवासी कामदारहरूले इरानी क्षेप्यास्त्र वा ड्रोन आक्रमण तथा खसेको छर्राबाट चोटपटक र मृत्युको सामना गर्नुपरेको छ ।

खाडी मुलुकका स्थानीय नागरिक वा उच्च ओहदामा काम गर्ने पश्चिमी प्रवासी कामदारहरूको तुलनामा दक्षिण एसियाली कामदार हरूलाई प्रायः असुरक्षित आवासमा राखिएको पनि समाचारमा उल्लेख गरिएको छ । खाडी मुलुकहरूमा हाल १९ लाख बढी नेपाली कामदार कार्यरत रहेका छन् । तीमध्ये ५५ हजारभन्दा बढीले स्वदेश फर्किन चाहेको भन्दै नेपाली दूतावास र कूटनीतिक नियोगमा जानकारी गराएका छन् ।

आर्थिक रूपमा विपन्न हुँदाहुँदै रोजगारीमा जान प्रत्यक्ष-अप्रत्यक्ष रूपमा लाखौं रुपैयाँ खर्च गरेका कामदारहरूलाई आफ्नो आम्दानी यथावत् राख्न युद्ध र आक्रमणको समयमा पनि काम जारी राख्नुपर्ने बाध्यता रहेको छ। कतिपय आप्रवासी कामदारलाई रोजगारदाताहरूले ड्युटीमा खट्नुपर्ने बाध्यतामा राखेका छन्, जसका कारण उनीहरू खतरनाक क्षेत्रहरूमा पनि अनिच्छापूर्वक काममा जान र ज्यानको उच्च जोखिम मोल्न बाध्य देखिन्छन् । द्वन्द्वले खाडी मुलुकहरूको अर्थतन्त्रलाई क्षति पुर्‍याएको छ । त्यसले आप्रवासी कामदारमाथि रोजगारी गुम्ने तथा तलब घट्ने जोखिम बढाएको छ। यसबाट मुख्यतः नेपाल, भारत, बंगलादेश र फिलिपिन्सजस्ता देशहरूको अर्थतन्त्रमा असर परेको छ । हाल फिलिपिन्स, थाइल्यान्ड र इन्डोनेसियाजस्ता देशहरूले सकेसम्म आफ्ना नागरिक फिर्ता गराउने योजना बनाएका छन्, तर धेरै कामदारहरू सुरक्षित तरिकाले बाहिर निस्कन नसकिरहेको बताइएको छ । कतिपय खाडी मुलुकमा स्थानीय र विदेशी कामदार हरूबीच सुरक्षाको सवालमा विभेद गरिएको देखिएको आर्थिक क्षेत्रको अग्रणी सञ्चारमाध्यम ब्लुम्बर्गले उल्लेख गरेको छ ।

# प्रभु बैंकका कर्पोरेट एन्ड प्रोजेक्ट फाइनान्स विभाग प्रमुख डंगोल पक्राउ

काठमाडौं/मस- प्रभु बैंकको कर्पोरेट एन्ड प्रोजेक्ट फाइनान्स विभाग प्रमुख दिनेश डंगोल पक्राउ परेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बैंकिङ कसूरसम्बन्धी मुद्दामा डंगोललाई पक्राउ गरेको हो। बैंकिङ कसूर मुद्दामा यसअघि नै अनुसन्धानमा रहेका प्रतिवादी अशोक शेरचनसमेतसँग सम्बन्धित प्रकरणमा संकलित तथ्य र प्रमाणको विश्लेषणका क्रममा डंगोलको संलग्नता देखिएको सिआइबीले जनाएको छ। डंगोलले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा प्रचलित कानुनविपरीत कार्य गर्दै प्रभु बैंकबाट प्रभु म्यानेजमेन्ट लगायतमा प्रवाह गरिएको कर्जा दुरुपयोग गर्ने वा गराउने कार्यमा संलग्नता देखिएको भन्दै पक्राउ गरेको प्रहरीले जनाएको छ। बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा अनुसन्धान अघि बढाउन उच्च अदालत पाटनबाट पक्राउ पुर्जी जारी गरिएको थियो । डंगोलमाथि उच्च अदालत पाटनबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जनाकारी दिए।


### कृषि ज्ञान केन्द्र,
### गौर, रौतहट

**कृषि मेशिनरी उकरणहरूको आपूर्तिकर्ताहरूबाट शिलबन्दी दररेट प्रस्ताव आव्हानको सूचना !**

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०४)**

यस कृषि ज्ञान केन्द्र रौतहटको चालू आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रम अन्तर्गत कृषि जन्य समग्रीहरू अनुदानमा वितरण गर्ने प्रयोजनका लागि मधेश प्रदेश सरकारबाट स्वीकृत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७७ (पहिलो संशोधन) तथा कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ बमोजिम यस कार्यालयबाट छनौट भएका अनुदानग्राहीलाई कृषि जन्य समग्रीहरु अनुदान दिने प्रयोजनको लागि योग्यता पुगेका ईच्छुक संघ संस्था, उत्पादक, कम्पनी लगायतका आपूर्तिकर्ता तथा वितरकहरूबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात मिति २०८२/१२/२४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दररेट प्रस्ताव पेश गर्न सूचित गरिन्छ। यस कार्यालयमा दर्ता भएका शिलबन्दी प्रस्तावहरू सूचना प्रकाशित भएको मितिले २१ औं दिन मिति २०८२/१२/२४ गते दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दि प्रस्ताव खोलिनेछ । शिल्बन्दी प्रस्ताव खोल्ने दिन विदा पर्न गएमा सोको भोली पल्ट प्रस्ताव खोलिने छ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
२. फार्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने।
३. PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
४. पछिल्लो तीन आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने)।
५. उत्पादनकर्ता कम्पनीले प्रदान गरेको आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
६. पछिल्लो आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
७. आपुर्ति गरिने कृषि मेशिनरी उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets।
८. आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने कृषि मेशिनरी यन्त्र उपकरणको परिमाणको कुल रकमको न्युन्तम ३,५०,०००।- (तिन लाख पचास हजार) को १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कृषि ज्ञान केन्द्रको कार्यालय कोड नं. ३१२०१२००१२ तथा रा. बा. बैंक, गौर (रौतहट) को धरौटी खाता नं. १२१०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ। बजेट अनुसार रकम थप घट हुन सक्नेछ।
९. आपूर्तिकर्ताले कृषि यन्त्र उपकरणमा अनुदान कार्यक्रमका लागि सबै कृषि मेशिनरी उपकरणहरु वा आंशिक मेशिनरी उपकरणहरुको शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ।
१०. सुचिकृत भएको आपुर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत 'गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको कृषि मेशिनरी यन्त्र उपकरणहरु सुचिकृत भएका आपुर्तिकर्ताबाट सम्बन्धित कृषि मेशिनरी यन्त्र उपकरणहरु खरिद गर्नेछन्।
११. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माँग भएको कृषि मेशिनरी यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्नेछ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई कृषि मेशिनरी यन्त्र उपकरण उपलब्ध गराउनुपर्नेछ। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी यस कार्यालयबाट भुक्तानी हुनेछ।

**नि.कार्यालय प्रमुख**



### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **LAXMI RECRUITMENT SERVICE PVT. LTD.** (श्रम इजाजत पत्र नं. १७८२/०८२/०८३) मा कार्यरत कर्मचारी हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| क्र. स. | नाम | नागरिकता नं | पद |
|---|---|---|---|
| १ | रविन्द्र कुमार यादव | १८-१-०६२/३७५ | म्यानेजर |
| २ | आशीका घले | २८-०१-०६१-०५५२५ | फ्रन्ट डेक्स म्यानेजर |

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.** Gov License no : 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१-४५००४३३, ९८०३८४६४५८, ९८४७४५७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०८०२६



### मलेसियामा रोजगार

कम्पनी: MAJESTIC GOLDHILL SDN. BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/१२/०३ — चलानी नं.: ६०२५३४९७ — LT. No.: 340093

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 26 | 0 | स. काममा दक्ष | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BRIGHT OCEAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1678/080/081
Bouddha-06, Kathmandu, Nepal — brightoceanoverseas@gmail.com
01- 5918674 | 5918675 | 974-5403647 | 981-6139309



### ओमनमा रोजगार

कम्पनी: DIRECT SERVICES LLC — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०५/११ — चलानी नं.:६०२४५६१० — LT. No.: 336056 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४५,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforce Building Smith | 1 | 0 | | 120 | ४५,९९८ | | | | | | | |
| 3. | Joiner | 5 | 0 | | 120 | ४५,९९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK STAR MANPOWER SERVICES PVT. LTD.** श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, 9816935532, 9851359348, 9705551551, 9761762121. 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np



### ओमन र साउदीमा रोजगार

कम्पनी: UNITED GULF FISHERY PRODUCTS LLC — शहर: Oman
पूर्व स्वीकृत मिति: २०८२/१२/०३ — चलानी नं.: ६०२५३४९८ — LT. No.: 340099

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Product Packing Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ४७,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Product Packing Machine Operator | 2 | 0 | | 160 | ६१,३३१ | | | | | | | |

कम्पनी: ELITE STREAM CONTRACTING — शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०८२/१२/०३ — चलानी नं.: ६०२५३४९९ — L.T. No.: 340100

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor of Loading & Offloading | 5 | 0 | स. काममा दक्ष | 1200 | ४७,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.** Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



# Putha Uttarganga Rural Municipality
## Office of the Rural Municipal Executive
**Takasera, Rukum (East),**
**Lumbini Province, Nepal**

## Invitation of Bids

**(First Date Of Publication: (March-18-2026) (2082-12-04)**

1. **Putha Uttarganga Rural Municipality, Rukum (East)** invites bids from eligible bidders for the following construction works:

| Contract No. | Description of works | Estimate Amount (Without Vat And Contingencies But With PS) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) | Last Date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|
| EGP/PURMO/NCB/WORKS/SCL/2082/83-01 | Construction Of Two Room School Building At Shree Himalaya Aa. Bi. Bachhigau-10 & Shree Mahendra Ma.Bi. Taka-Sera-10 | Nrs: 7045101.85 | Nrs: 177000 | Nrs: 3000 | (April-17-2026) (2083-01-04) 12:00 Pm | (April-17-2026) (2083-01-04) 13:00 Pm |

2. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:
   a. **Bid Document Fee:** GA 1.1 Aantarik Rajaswa Khata (01415359946) – Siddartha Bank, Putha Uttarganga Branch
   b. **Bid Security:** GA 03 Dharauti Khata (01415220470) Siddartha Bank, Putha Uttarganga Branch
3. **Bid Submission:** Online only via PPMO e-GP.
4. **Regulations:** Public Procurement Act 2063 & Regulation 2064 (with amendments). Amendments will be published on PPMO's e-GP portalhttps://www.bolpatra.gov.np/egp/ and the office notice board.
5. Putha Uttarganga Rural Municipality ,Rukum (East) reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

# ‘स्थानीय तहबीचको सहकार्यले विकासका नयाँ सम्भावना खुल्छ’

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, ३ चैत



अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा छत्रदेव गाउँपालिका र पाणिनी गाउँपालिकाबीच अन्तरपालिका स्तरीय अनुभव आदानप्रदान तथा समन्वय कार्यक्रम सम्पन्न भएको छ । छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पाणिनी गाउँपालिका अध्यक्ष टेकराज न्यौपाने, पाणिनी गाउँपालिका उपाध्यक्ष नम्रता पौडेल, प्रमुख प्रशासकीय अधिकृत सुवर्ण खनाल र छत्रदेवका प्रमुख प्रसासकिय अधिकृत बासुदेव खनाल, दुवै पालिकाका वडा अध्यक्षहरू, शाखा प्रमुखहरू तथा सम्बन्धित कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा छत्रदेव गाउँपालिकाले हालसम्म सञ्चालन गरिरहेका विकास निर्माण, कृषि, सेवा प्रवाह तथा स्थानीय आर्थिक सशक्तीकरणसँग सम्बन्धित गतिविधिहरूको प्रगति विवरण प्रस्तुत गरिएको थियो । गाउँपालिकाले विभिन्न क्षेत्रमा गरिरहेका प्रयास, उपलब्धि र आगामी योजनाबारे सहभागीहरूलाई जानकारी गराइएको थियो ।

विशेषगरी स्थानीय उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यले पैचो पसलसँगको सहकार्यमा किसानले उत्पादन गरेका कृषि उपजलाई व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउने तथा बजारीकरण गर्ने कामबारे विस्तृत छलफल गरिएको थियो ।

यस सहकार्यले स्थानीय किसानलाई उत्पादनको उचित मूल्य दिलाउने, बजारको पहुँच विस्तार गर्ने तथा कृषिलाई व्यावसायिक बनाउने दिशामा सकारात्मक प्रभाव परेको जानकारी कार्यक्रममा दिइएको थियो ।

दुवै गाउँपालिकामा समान रूपमा देखिएको बाँदर र बँदेलको समस्या पनि कार्यक्रमको मुख्य छलफलको विषय बनेको थियो । खेतीपातीमा वन्यजन्तुले पुऱ्याइरहेको क्षति नियन्त्रण गर्न दुवै पालिकाले अपनाइरहेका उपाय, चुनौती र सम्भावित साझा रणनीतिबारे विचार आदानप्रदान गरिएको थियो । कृषकहरूलाई प्रत्यक्ष असर पारिरहेको यस समस्याको दीर्घकालीन समाधानका लागि संयुक्त पहल आवश्यक रहेको सहभागीहरूले बताएका थिए ।

कार्यक्रममा पाणिनी गाउँपालिकाले पनि आफ्ना कृषि तथा पशुपालन क्षेत्रमा भइरहेका कामहरूको जानकारी गराएको थियो। विशेषगरी किसानहरूले उत्पादन गरेका गाईभैंसीको दूध बिक्री-वितरणमा गाउँपालिकाले गरिरहेको सहजीकरण, संकलन तथा बजार व्यवस्थापनको अनुभव प्रस्तुत गरिएको थियो । यसले किसानको आयवृद्धिमा सहयोग पुऱ्याएको तथा पशुपालनलाई व्यवसायिक बनाउन मद्दत पुगेको पाणिनी गाउँपालिकाका प्रतिनिधिहरूले बताएका थिए ।

छत्रदेव गाउँपालिका उपाध्यक्ष मणि पन्थीको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा दुवै गाउँपालिका अध्यक्षबीच आ-आफ्ना पालिकामा रहेका समस्या, विकासका प्राथमिकता, सेवा प्रवाहका अभ्यास तथा भविष्यका योजनाबारे खुला छलफल भएको थियो। स्थानीय सरकारबीच यस्ता अन्तरपालिका स्तरीय कार्यक्रमले अनुभव आदानप्रदान, सहकार्य र समस्या समाधानमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो ।

कार्यक्रमका अध्यक्ष छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले स्थानीय तहबीचको सहकार्यले विकासका नयाँ सम्भावना खोल्ने बताउँदै कृषि, पशुपालन, बजार व्यवस्थापन तथा स्थानीय समस्या समाधानमा मिलेर अघि बढ्नुपर्ने धारणा राखेका थिए । पाणिनी गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले पनि एकअर्काका असल अभ्यास सिकेर कार्यान्वयन गर्दा नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने बताए ।

# क्यान्सर परीक्षण गर्न काठमाडौं महानगर र वीर अस्पतालबीच सहकार्य



**काठमाडौं/मस**-महिलाको स्तन र पाठेघरको मुखको क्यान्सरको नि:शुल्क परीक्षण गराउन र प्रारम्भिक उपचारका लागि काठमाडौं महानगरपालिका र वीर अस्पतालबीच सम्झौता भएको छ ।

काठमाडौं महानगरपालिकाका स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी र अस्पतालका निर्देशक प्रा.डा. दिलीप शर्माका बीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सो अवसरमा महानगरका कार्यवाहक प्रमुख सुनिता डंगोल र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंको समेत उपस्थिति थियो ।

कार्यवाहक प्रमुख डंगोलले क्यान्सरबाट धेरै महिलाले अकालमा ज्यान जाने गरेको उल्लेख गर्दै क्यान्सरबाट बच्ने उपायमध्ये नियमित परीक्षण गराउन एउटा विधि रहेको बताइन् । अस्पतालका निर्देशक प्रा.डा.शर्माले महिलाको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरबाट बच्नका लागि समयमा नै स्क्रिनिङ गर्नुपर्ने बताए ।

‘मलाई लक्षण देखिएकै छैन । किन परीक्षण गराउनु भन्ने मानसिकताले अवस्था बिग्रिने गरेको छ । बिग्रिएको यो अवस्था सुधार गर्न लक्षण नभए पनि परीक्षण गराउनुपर्छ’, उनले भने ।

स्वास्थ्य विभागका प्रमुख केसीका अनुसार महानगरभित्रका ३० वर्षदेखि ६० वर्ष उमेर समूहका महिला र गएको वर्ष गरिएको परीक्षणका क्रममा छुट भएका महिला र गएको वर्ष परीक्षण गर्दा पोजेटिभ देखिएका महिलाहरू परीक्षण र प्रारम्भिक उपचार गरिने बताए ।

उनले क्यान्सर परीक्षण चैत १६ गतेदेखि हुने र हरेक दिन १ सयदेखि १ सय २० जनासम्मको परीक्षण गर्ने बताए । नेपालमा सबभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर हो ।

# पृथ्वी राजमार्ग विस्तार : अझै करिब १ सय बिजुलीको पोल सार्न बाँकी

**धादिङ/मस**- पृथ्वी राजमार्ग विस्तारका काममा सडक दायाँबायाँ बिजुलीको पोल मुख्य बाधक बनेका छन् । सडकको छेउ कुनामा रहेका पोल सार्न नेपाल विद्युत् प्राधिकरणले ढिलासुस्ती गर्दा नागढुंगा-मुग्लिन सडक आयोजनाको काम बाधा पुगेको हो ।

विशेषगरी नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गत पूर्वी खण्डमा पर्ने नौबिसेदेखि धार्के बजार क्षेत्र, गल्छी गाउँपालिकाको बन्छेटार, जरेखेत, बेल्खु र गजुरी गाउँपालिकाको घाटबेंसी, पोखरेखोला हुँदै गजुरी बजार आसपासमा विस्तारको काम द्रुतगतिमा अघि बढ्न सकेको छैन ।

आयोजनाका पूर्वी खण्डका इन्जिनियर केशवराज ओझाका अनुसार विद्युत् प्राधिकरणले पोल सार्न ढिला गरिदिँदा काम नै रोक्नुपर्ने अवस्था आएको छ ।

सडक आयोजनाले काम गर्ने क्रममा कतै पोल गाडिएको ठाउँलाई छाडेर चारैतिर कालोपत्र गरिसकेको छ भने कतै ग्राभेल बिछ्याएरै काम अधुरो छाडिएको छ । कतिपय ठाउँमा पोल गाडिएको चारैतिरको भाग खनेर पोल अलपत्र पारिएका कारण दुर्घटनाको जोखिमसमेत उच्च भएको छ । सडक विस्तारका क्रममा सार्नुपर्ने बिजुलीका पोल सार्ने खर्च सडक आयोजनाले व्यहोर्नेगरी सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखा र नेपाल विद्युत् प्राधिकरण बागमती प्रदेश प्रादेशिक कार्यालयबीच सम्झौता भए पनि कार्यान्वयन पक्ष फितलो देखिएको छ ।

# चिनियाँ राष्ट्रपतिको पुस्तक जलाइएको घटनामा छानबिन गरी कारबाही गर्न गृहको निर्देशन

**काठमाडौं/मस**-मोरङमा चिनियाँ राष्ट्रपतिको पुस्तक जलाइएको घटनापछि सरकार सक्रिय बनेको छ। गृह मन्त्रालयले उक्त घटनाले नेपाल-चीन सम्बन्धमा नकारात्मक असर पार्न सक्ने भन्दै विस्तृत छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीलाई निर्देशन दिएको हो ।

परराष्ट्र मन्त्रालयमार्फत प्राप्त कूटनीतिक पत्रका आधारमा गृह मन्त्रालयले घटनालाई गम्भीर रूपमा लिँदै अनुसन्धान प्रक्रिया अघि बढाउन निर्देशन दिएको जनाएको छ । उक्त पत्र काठमाडौंस्थित चीनको दूतावासबाट आएको थियो, जसमा घटनाप्रति चिन्ता व्यक्त गरिएको उल्लेख छ ।

मोरङस्थित मनमोहन टेक्निकल इन्स्टिच्युटमा चिनियाँ राष्ट्रपति सी जिनपिङको ‘द गभर्नेन्स अफ चाइना’ पुस्तक जलाइएको विषयमा चीनले औपचारिक रूपमा ध्यानाकर्षण गराएपछि सरकारको चासो बढेको हो । गृह मन्त्रालयले सो घटनाको सत्यतथ्य पत्ता लगाउन र संलग्न व्यक्तिलाई कारबाहीका लागि सिफारिस गर्न मोरङका प्रमुख जिल्ला अधिकारी र स्थानीय प्रहरी प्रशासनलाई समेत निर्देशन दिएको छ । सरकारले कूटनीतिक संवेदनशीलतासँग जोडिएको विषय भएकाले अनुसन्धानलाई प्राथमिकतामा राख्न र यस्ता घटनाले द्विपक्षीय सम्बन्धमा असर नपर्ने गरी आवश्यक कदम चाल्न जोड दिएको छ ।

# Tapli Rural Municipality
## Office of the Rural Municipal Executive
**Koshi Porovince**
**Rupatar, Udayapur**

## 3rd time Re-Invitation for Bids

**Date of publication: 2082/12/04**

1. The tapli Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Following projects mentioned in table below under National Competitive Bidding procedures. – Single Envelope Bidding procedures.
2. Bidders may download the copy of the Bidding documents from PPMO website http://www.bolpatra.gov.np and upon payment of a non-refundable fee of NRs. 3000 (NRs. Three Thousand only).Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Tapli Rural Municipality Tapli (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the Bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank,
   Name of the Bank : Prime Commercial Bank Ltd.Tapli Rupatar, Udayapur
   Name of Office : Tapli Rural Municipality.
   Office Account no : 07701000000025900131
3. Bidders must submit their bid electronically through e-procurement section in **PPMO** website http://www.bolpatra.gov.np within on or before 12.00 PM on 11 chaitra 2082. The electronic bid submission system will automatically reject e-submission of bid after the deadline.
4. The e- Bids submitted shall be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 PM on 11 chaitra 2082. at the office of Tapli Rural Municipality, Rupatar, Udayapur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amount as specified mention in table below which shall be valid for 30 days beyond the bid validity period
5. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 07701000000026900114, (Dharauti Khata) Prime Commercial Bank Ltd.Tapli Branch, Udayapursubmit bank deposit voucher along with the bid till 21 Asar 2083.
6. Pre-Bid Meeting shall be held at the office of Tapli Rural Municipality Rupatar, Udayapur. on 2082/12/06(1:00 PM)
7. The provisions not mention in this notice will be as per PPA 2063 and PPR 2064.
8. Details of contracts for which bids are invited along with Bidder

| Contract Identification Nos | Brief Description of works | Estimate amount (Nrs) with VAT&P.s | Bid Security Amount (Nrs) | Time Completion |
|---|---|---|---|---|
| 03/TRM/UDA/ NCB/082/083 | Different road construction at wada no. 3 & Upgrading work of Rupatar Iname sadak | 33,94,932.45 | 1,00,000.00 | 20th Asar 2083 |

**Chief Administrative Officer**

## मलेसियामा रोजगार
कम्पनी: ULTREUM SECURITY SERVIVCES SDN BHD    शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/११/२८    चलानी नं.: ६०२५३४८९    L.T. No.: 339861

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 45 | 0 | स. काममा दक्ष | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.    श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## साउदीमा रोजगार
कम्पनी : AL-KIFAH PRECAST CONCRETE FACTORY    शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/१०/२०    चलानी नं.: ६०२५१७९३    LT. No.: 338256    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३९,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sky Star Recruitment Pvt.Ltd.    श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, PO Box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## मलेसियामा रोजगार
कम्पनी : GUARDWELL SECURITY SERVICES SDN. BHD    शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८१/१२/१८    चलानी नं.: ६०२३५४७९    LT. No.: 321373    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 30 | 0 | स. काममा दक्ष | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

A.S. INTERNATIONAL GROUP PVT. LTD    Gov. Lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381, Mobile: 9802379882, 9802379883, 9802379884,9801082460, 9801082461, 9801082462 Email: asintldemand@gmail.com.

## मलेसियामा रोजगार
कम्पनी : AGROBEST (M) SDN BHD    शहर :MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/०५    चलानी नं.: ६०२४५०८६    LT. No.: 331326    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 28 | 0 | स. काममा दक्ष | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL-Moon Overseas Pvt. Ltd. Govt. License No: 992/068/069
Al-Moon Overseas Pvt. Ltd
Tokha-5, Basundhara, Kathmandu, Nepal, Phone: +977-1-4989718, 4989719
Email:info@almoonmanpower.com | Web: www.almoonmanpower.com

## यूएईमा रोजगार
कम्पनी : DAR RABDAN CLEANING SERVICES L.L.C    शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/११/२९    चलानी नं.: ६०२५३४३२    LT. No.: 339005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४८,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 5 | 0 | | 1500 | ६०,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BEST WAY H.R. AGENCY PVT. LTD.    Lic. No: 1644/080/081
Sinamangal -9, Kathmandu, Nepal, Phone: 01- 4578266, 9811912400, 9826716377, 9801197827
Email: info@bestwayhragency.com, Web: www.bestwayhragency.com

## मलेसियामा रोजगार
कम्पनी : DRAGON FORCE SECURITY SDN BHD    शहर : MALAYSIA,JALAN
पूर्व स्वीकृत मिति: २०८२/१२/०२    चलानी नं.: ६०२५३४८५    L.T. No.: 340010

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 70 | 0 | स. काममा दक्ष | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063,
4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ चैत २०८२ बुधबार
18 March 2026 Wednesday

## सम्पादकीय

## संसदीय मोर्चा बलियो बनाऊ

प्रतिनिधिसभा निर्वाचनपछि प्रमुख राजनीतिक दलहरू आ–आफ्ना संसदीय मोर्चा बलियो बनाउने तयारीमा जुटेका छन् । झन्डै दुईतिहाइ बहुमतसहित प्रतिनिधिसभामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना सांसदहरूलाई बन्द प्रशिक्षण दिइरहेको छ । प्रतिपक्षी कित्तामा पुगेका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपालगायत दलहरू पनि संसदीय मोर्चा प्रभावकारी बनाउने गृहकार्यमा देखिन्छन् । विगतको अनुभव हेर्दा संसद्मा अपेक्षित स्तरको विषयकेन्द्रित बहस हुन नसकेको देखिन्छ । धेरैपटक सदनमा आरोप–प्रत्यारोप, गालीगलौज र व्यक्तिगत टीकाटिप्पणीमै सीमित हुन पुग्यो । यसले जनसरोकारका मुद्दा ओझेलमा मात्र परेनन्, संसद्को प्रभावकारितामाथि नै प्रश्न उठ्यो । त्यसबाट पाठ सिकेर संसद्लाई बलियो बनाउने रणनीतिमा प्रमुख दलहरूले गृहकार्य गरेको देखिन्छ ।

प्रतिनिधिसभामा यसपटकको विशेषता भनेको एउटै दलको झन्डै दुईतिहाइको बहुमत हुनु हो । यस्तो अवस्थामा प्रतिपक्ष आवाज कमजोर देखिन सक्छ । तर, असल संसदीय अभ्यास कायम हुन सके प्रतिपक्ष बेन्चमा थोरै सांसद भए पनि तिनको रचनात्मक भूमिकाले सत्तापक्षलाई सशक्त खबरदारी गर्न सक्छ । किनभने, संसद्लाई प्रभावकारी बनाउनु सत्तापक्ष र प्रतिपक्ष दुवैको जिम्मेवारी हो । लोकतन्त्रमा संसद् बलियो भए मात्र सरकार प्रभावकारी बन्छ भन्ने विश्वास गरिन्छ । सरकार संसद्प्रति नै उत्तरदायी हुनुपर्ने भएकाले पनि हरेक सांसदको भूमिका महत्वपूर्ण हुन्छ । सांसदले आफ्नो विषयमा गहिरो अध्ययन गरी तथ्यमा आधारित बहस गर्नुपर्छ । सदनमा उपस्थिति जनाउने र समर्थन वा विरोधमा टेबुल ठोक्ने थलो मात्र बन्नुहुँदैन । नीति निर्माण र जनताका मुद्दा सही ढंगले सम्बोधन गर्ने थलो बन्नुपर्छ । त्यसका लागि पनि सांसदले संसदीय मूल्यमान्यता र मर्यादा बुझ्नुपर्छ । दलहरूले दिन लागेको प्रशिक्षणले त्यो कमी पूरा गर्न मद्दत पुग्ने देखिन्छ ।

संसद्लाई प्रभावकारी बनाउन सांसदहरूको पूर्वतयारी अत्यन्त जरूरी हुन्छ । नयाँ सांसदको बाहुल्य रहेको अवस्थामा अभिमुखीकरण र अनुशिक्षण अपरिहार्य हुन्छ । आफ्ना सांसदलाई संसदीय प्रक्रिया, मर्यादा र विषयवस्तुबारे स्पष्ट बनाउन गरिएको यस्तो प्रयासले संसद्को गुणस्तर उकास्न सहयोग गर्नेछ ।

संसद् मर्यादित र व्यवस्थित बन्नु आजको आवश्यकता हो । जनताको अपेक्षा ठूलो छ । उनीहरू संसद्मा आफ्ना समस्या उठाइने, समाधान खोजिने र जिम्मेवार निर्णय गरिने आशा राख्छन् । यदि संसद् फेरि पनि गफ गर्ने थलोमै सीमित भयो भने लोकतन्त्रप्रतिको विश्वास कमजोर हुनेछ ।

# वामपन्थीहरू साँच्चै हारेका हुन् ?

*सूर्य र ताराहरूको पराजय वामपन्थी विचारको पराजय होइन । उनीहरू कुनै बेलाका परिवर्तनकामी वामपन्थीहरू नै हुन् । जहिलेसम्म उनीहरू वामपन्थी विचारप्रति प्रतिबद्ध थिए, जनताको माया पाइरहे । जब विचार छाडे, जनमतले पनि उनीहरूलाई छाड्यो ।*

अग्रलेख



● दामोदर अर्याल

भर्खरैको निर्वाचनमा नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले लज्जास्पद पराजय भोगेपछि केही मान्छेहरू नेपालमा वामपन्थीहरू पराजित भए भन्ने भाष्य निर्माणमा तल्लीन छन् । नांगो र सतही आँखाले हेर्दा उनीहरू गलत पनि होइनन् । किनकि, आफूलाई वामपन्थी भन्नेहरू र कम्युनिस्ट पार्टीकै झन्डा बोक्नेहरूकै हार भएको कुरा त साँच्चै हो । यस अर्थमा ती भाष्यकारहरूलाई ठुलो आलोचना गर्ने ठाउँ छैन । तथापि, यो साँच्चै वामपन्थी विचारधाराको आमअस्वीकृति हो वा वामपन्थी झन्डा बोक्ने केही मान्छेहरूको हार मात्र हो ? यस सन्दर्भमा राजनीतिकर्मी र समाजशास्त्रीहरूले विवेचना गर्नैपर्छ । यो व्यापक छलफलको विषय हो । छलफल र शास्त्रार्थले मात्रै पत्ता लगाउँछ कि ती वाम झन्डाधारीहरूले यो दुर्दिन कसरी बेहोरे ?

यस सन्दर्भमा सबैभन्दा पहिले वाम विचारधारा भनेको के हो ? कुरा यहाँबाट सुरु गर्नुपर्छ । वाम विचारधाराले मूल रूपमा सामाजिक समानता, सामूहिक कल्याण, सामाजिक सुरक्षा, कामदार वर्गको अधिकार, प्रगतिशील कर, निरन्तर प्रगतिशील परिवर्तन, निरन्तर संरचनात्मक परिवर्तन, शिक्षा र स्वास्थ्यमा सामाजिक लगानी, समृद्ध कृषि र उद्योग र त्यसमा आधारित विशाल रोजगारीजस्ता कुरा उठाउँछ । के भर्खरै सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनको परिणामले माथिका यी विषयवस्तुलाई नेपालमा लागू गर्न अस्वीकृत गरेको हो ? यदि होइन भने वाम विचार पराजित भएको निष्कर्ष निकालिहाल्नुहुँदैन । यदि वाम विचार पराजित भएको होइन भन्ने निष्कर्ष निकाल्ने हो भने अब प्रश्न उठ्छ, त्यसो भए सूर्य र तारा चिह्नधारीहरू को थिए ? जो नराम्रोसँग धुलिसात् भएर हारे । तिनीहरूको छेउमै हँसिया-हथौडा झन्डा पनि थियो । नेपालका गौरवशाली वाम इतिहासको कुरा पनि गर्दै थिए । नाम र झन्डा पनि त्यही नै बोकेर आएका थिए । बेलाबेलामा पुष्पलाल र मदन भण्डारीका कुरा पनि गर्थे । यी प्रश्नहरूको उत्तरचाहिँ जटिल छ । खास छलफल गर्न पर्ने विषय पनि यही हो । आममान्छेहरू पनि यहीँनेर आएर झुक्किएका छन् ।



नेपालका सन्दर्भमा वाम विचारको प्रमुख मुद्दा भनेको समृद्ध कृषि र व्यापक रोजगारी उत्पन्न गर्ने औद्योगीकरण थियो । यो मुद्दा नेपालको हित र विकाससँग जोडिएको मात्र होइन, यो त विश्व पुँजीवादसँग जुध्ने विचारधारात्मक लडाइँ र कर्म पनि हो । आजको विश्व पुँजीवादले हाम्रोजस्तो अल्पविकसित मुलुकको कृषि र उद्योगलाई ध्वस्त नबनाई वैदेशिक रोजगारीका नाममा सस्तो श्रमशक्ति प्राप्त गर्न नै सक्दैन । त्यसैकारण उनीहरू नेपालको कृषि र उद्योगको सन्दर्भमा यसलाई ध्वस्त बनाउन नीतिगत तहमै हस्तक्षेप गर्छन् । त्यो हस्तक्षेपका विरुद्धमा सूर्य र ताराहरूले प्रतिवाद गरे/गरेनन् । त्यसकारण त नेपालको कृषि र उद्योग ध्वस्त भयो । प्रमुख यी दुई क्षेत्रको भयानक ध्वस्ततामै लाखौं युवाहरू बेरोजगार भए । विश्व पुँजीवादले वैदेशिक रोजगारीका नाममा ढोक्सो थापेर हाम्रा लाखौं बेरोजगार युवाहरूलाई विदेशमा पुर्‍यायो । आफूलाई वामपन्थी भन्ने सूर्य र ताराहरूले यो सन्दर्भमा वाम विचार त्यागे । त्यसकारण त उनीहरूले आज यो हविगत बेहोर्न पर्‍यो ।

त्यसबाहेक वाम विचारको अर्को मुद्दा भनेको शिक्षा र स्वास्थ्य हुनुपर्दथ्यो । शिक्षा र स्वास्थ्य व्यापार गर्ने र नाफा आर्जन गर्ने क्षेत्र होइनन् भनेर सूर्य र ताराहरूले कहिल्यै भनेनन् अथवा सरकारमा रहँदा यसतर्फ काम गरेनन् । आजको पुँजीवाद भन्छ, 'पैसा छ पढ, पैसा छैन नपढ । पैसा छ, औषधि उपचार गरेर बाँच, पैसा छैन अकालमा मर' । यो पुँजीवादी विचारलाई परास्त गर्न सूर्य-ताराहरू लागे ? लागेनन् । अर्थात् उनीहरूले यो सन्दर्भमा पनि वाम विचार त्यागे ।

कम्युनिस्ट कर्मको अर्को क्षेत्र थियो, सामूहिकता । सहकारी अभियान कसरी ध्वस्त भयो ? मान्छेहरू रातारात धनी हुने प्रक्रिया कसरी बढ्यो ? हरेक क्षेत्रमा बिचौलियाहरू कसरी हाबी भए ? कृषि कर्म गर्नेहरू दिन-प्रतिदिन कसरी गरिब भए ? उद्योग मात्र गर्ने इमानदार उद्योगपतिहरू कसरी दिवालिया हुँदै छन् ? कार, मोटरसाइकल, जग्गा र घर खरिदमा ऋण लगानी गर्न उत्साहित हुने वित्तीय संस्थाहरू कृषि र उद्योगमा लगानी किन हिच्किचाउँछन् ? यस्ता अनेकौं वाम विचारका प्रश्नहरूमा वामपन्थी भनिने पार्टीहरू आज पनि चुप छन् । अर्थात् यी वाम प्रश्नहरूमा सूर्य र ताराको सरोकार थिएन ।

कम्युनिस्टहरूको सिद्धान्त भनेको यसका अभियन्ता र सिंगो समाजलाई विस्तारै सामूहिकीकरणतर्फ लैजानु थियो । सामाजिक समानता र सामूहिक कल्याण वामपन्थीहरूको गन्तव्य हो । तर नेपालमा जति वामपन्थी मतदाताहरू बढे, जति यिनीहरूले सरकार चलाउँदै गए, त्यति नै मात्रामा धनी र गरिबबीचको खाडल बढ्दै गयो । सुशासन र भ्रष्टाचार रोक्न कम्युनिस्ट सरकारहरू असफल भएका मात्र होइनन्, उनीहरू आफैं लिप्त भए । मान्छेले सहजै थाहा पाउनेगरी वामपन्थी नेताहरूको घर गाडी र विलासी जिन्दगी अत्यन्त डरलाग्दोगरी प्रदर्शन भयो । राज्य, समाज र सरकार मात्र होइन, वाम पार्टी सञ्चालनको विधि त झन् घिनलाग्दो थियो । पार्टी संरचनाहरूमा समाजवादको भ्रूण देखापर्नुपर्ने ठाउँमा यो त झन् एउटा कर्पोरेट हाउसजस्तो बन्दै गयो । कर्पोरेट हाउसमा समेत कुनै न कुनै विधि अवलम्बन गरिएको हुन्छ । तर यहाँ त प्रमुख नेताहरूको हुकुमी शासन चल्न थाल्यो । पछिल्लो कालखण्डमा त पार्टीहरूभित्र तर्क र तथ्य पूरै समाप्त भएको थियो । पार्टीहरूको संरचनामा दासहरू र राज्यको संरचनामा बिचौलियाहरू हाबी भएपछि अनि घन्टी बज्दैन ?

कम्युनिस्टहरूको अर्को मुख्य काम भनेको समाजभित्रको विद्रोही चेतनालाई संगठित गर्नु हो । समाजको गतिशीलता र निरन्तर प्रगतिका लागि निरन्तर विद्रोही चेत आवश्यकता पर्दछ ।

> *सूर्य र ताराहरूले 'जे छ राम्रो छ' भन्ने कुरा उठाइरहँदा र रास्वपाले 'जे भइरहेको छ, पर्याप्त छैन, परिवर्तन जरूरी छ' भन्ने कुरा उठाइदिँदा समाजको निरन्तर प्रगतिको सिद्धान्त बोकेका वामपन्थी भनिनेहरू यथास्थितिवादीजस्तो मुद्दाविहीन र रास्वपा प्रगतिशीलजस्तो देखियो ।*

तर नेपालको हकमा भने समाजमा उत्पन्न भएको विद्रोही चेतलाई नयाँ पार्टी रास्वपाले संगठित गर्‍यो । रास्वपाले परिवर्तनको कुरा गर्‍यो, उनीहरूले अव्यवस्था र भ्रष्ट्राचारको कुरा गरे, नयाँ र पुरानाको कुरा निकाले । तर आफूलाई वाम ठान्ने सूर्य र ताराहरूले विगतमा आफूले गरेको विद्रोह र परिवर्तनका कुरा उठाए । धरहरा र रानीपोखरी बनाएको कुरा गरे । नियम, कानुन र संविधानको बयान गरे । 'जे छ राम्रो छ' भन्ने कुरा सूर्य र ताराहरूले उठाइरहँदा 'जे भइरहेको छ, पर्याप्त छैन, परिवर्तन जरुरी छ' भन्ने कुरा रास्वपाले उठाइदिँदा समाजको निरन्तर प्रगतिको सिद्धान्त बोकेका वामपन्थी भनिनेहरू यथास्थितिवादीजस्तो मुद्दाविहीन र सिद्धान्तविहीन रास्वपा प्रगतिशीलजस्तो देखियो । परिवर्तनको मुद्दालाई वामपन्थी भनिनेहरूले नछाडेको भए रास्वपाजस्तो पार्टीले समाजको विद्रोही मत पाउन सक्थ्यो ?

सारमा कुरा के हो भने सूर्य र ताराहरूको पराजय वामपन्थी विचारको पराजय होइन । उनीहरू कुनै बेलाका परिवर्तनकामी वामपन्थीहरू नै हुन् । जहिलेसम्म उनीहरू वामपन्थी विचारप्रति प्रतिबद्ध थिए, जनताको माया पाइरहे । जब विचार छाडे, जनमतले पनि उनीहरूलाई छाड्यो । ती पार्टीहरूमा आजको समस्या केपी र प्रचण्ड मात्र होइन, समस्या नीतिमा छ, कार्यक्रममा छ, व्यवहारमा छ, शैलीमा छ, सांगठनिक संरचनामा रहेकाहरूको दासतामा छ । ती पार्टीहरूमा आज पनि हजारौंको संख्यामा इमानदार वामपन्थीहरू छन् । के तिनीहरूले यी पार्टीहरूलाई पुनः वामपन्थी बाटोमा फर्काउन सक्लान् ? आजको यक्ष प्रश्न यही हो । यिनीहरूले नसके पनि इतिहास रोकिँदैन । मानव जाति रहेसम्म वामपन्थ पराजित हुँदैन, यो नयाँ ढंगले अघि बढिरहन्छ, समाजको नेतृत्व गरिरहन्छ ।

***(अर्याल, नेकपा (संयुक्त)का नेता हुन् ।)***

## इतिहासमा आज

१८ मार्च १९९६ मा फिलिपिन्सको क्वेजोन शहरमा भएको नाइटक्लबमा आगलागी हुँदा १६२ जनाको मृत्यु भएको थियो ।



१८ मार्च १९९७ मा टर्की जाँदै गर्दा रुसी एन्टोनोभ एन-२४ चार्टर विमानको पुच्छर भाँचियो, जसको कारण विमान दुर्घटनाग्रस्त भयो र त्यसमा सवार सबै ५० जनाको मृत्यु भएको थियो ।



१८ मार्च २०१५ मा ट्युनिसियाको बार्डो राष्ट्रिय संग्रहालयमा बन्दुकधारीहरूले आक्रमण गर्दा २४ जना पर्यटकको मृत्यु भएको थियो । जसमा ५० जना घाइते भएका थिए ।



१८ मार्च २०२५ मा इजरायलले गाजा पट्टीमा व्यापक हवाई बमबारी र आक्रमणहरू सुरु गरेको थियो, जसमा बालबालिका सहित कम्तिमा ५९१ जनाको मृत्यु भएका थिए ।



# घोडेजात्रा किन मनाइन्छ ?

विचार



● विश्वनाथ खरेल

> *घोडेजात्रा नेपाली समाजको एक महत्वपूर्ण सांस्कृतिक धरोहर हो । यसको धार्मिक पक्षसँगै सामाजिक महत्व अझ बढी देखिन्छ । यसले नेवार समुदायको कला, संस्कृति र परम्परालाई उजागर गर्ने महत्वपूर्ण माध्यमका रूपमा काम गर्दै आएको छ ।*

हिन्दु संस्कृतिमा प्रत्येक तिथि, चाडपर्व र उत्सवको आफ्नै मौलिक विशेषता र महत्व हुन्छ । यसै सन्दर्भमा घोडेजात्रा, भोटोजात्रा, गाईजात्रा र इन्द्रजात्रा काठमाडौं उपत्यकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक रूपमा महत्वपूर्ण पर्व हुन् । यी पर्व पौराणिक विश्वास, ऐतिहासिक पृष्ठभूमि र धार्मिक संस्कारसँग गहिरो रूपमा जोडिएका छन् । वर्षभरि मनाइने चाडपर्वमध्ये घोडेजात्रा पनि एक प्रमुख पर्वका रूपमा चिनिन्छ ।

नेपाल सांस्कृतिक रूपमा अत्यन्त समृद्ध देश हो । यहाँ प्रायः हरेक दिन कुनै न कुनै पर्व पर्ने गर्दछ । आफ्ना मौलिक परम्परा, संस्कार र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्नु प्रत्येक नेपालीको कर्तव्य हो । विशेषतः नेवार समुदायमा यो पर्व अत्यन्त उल्लासका साथ मनाइन्छ ।

घोडेजात्रा टुँडिखेलमा मनाइने भएकाले यसको सम्बन्ध त्यहाँसँग जोडिएका किंवदन्तीसँग पनि छ । यो केवल घोडाको दौड मात्र नभई धार्मिक तथा सांस्कृतिक विश्वाससँग गाँसिएको जात्रा हो । पिशाच चतुर्दशीको भोलिपल्ट पर्ने औंसी तिथिमा मनाइने यस पर्वमा तान्त्रिक मान्यताको प्रभाव देखिन्छ । घोडा दौडाएर पिशाच तथा दुष्ट आत्माहरू भगाइन्छ भन्ने विश्वास रहेको छ, जसलाई मल्लकालीन तान्त्रिक परम्परासँग पनि जोडेर हेर्न सकिन्छ ।

यो पर्व चैत्र कृष्ण औंसीका दिन पर्छ । यस दिन टुँडिखेलमा घोडा दौडाउने कार्यक्रमका साथै विभिन्न देवीदेवताका रथयात्रा पनि निकालिन्छन् । नेवार समुदायले यस दिन भगवान् शिवको विशेष पूजा-आराधना गर्ने गर्दछ । साथै नाचगान, बाजागाजा र परम्परागत वेशभूषाले वातावरण झन् उल्लासमय बनाउँछ ।

यस अवसरमा टुँडिखेलनजिकै अवस्थित लुकुवा महादेव (पिशाचेश्वर महादेव)को पूजा गर्ने परम्परा पनि छ । पिशाच चतुर्दशीका दिन देवतालाई बाहिर निकालेर स्नान गराइन्छ र सफा गरी मद्य, मासुलगायत तामसी भोग चढाइन्छ । यसमा लसुन र छ्यापीजस्ता परिकारहरू पनि प्रयोग गरिन्छन् । यससँग सम्बन्धित एउटा किंवदन्तीअनुसार घोडेजात्रापछि लसुन खान उपयुक्त हुँदैन भन्ने विश्वास पनि पाइन्छ ।

घोडाको महत्व प्राचीनकालदेखि नै विशेष रहँदै आएको छ । घोडा छिटो दौडिने, बलियो र उपयोगी जनावर भएकाले यातायात र युद्ध दुवैमा यसको प्रयोग हुन्थ्यो । वैदिक कालमा राजाहरूले आफ्नो शक्ति र प्रतिष्ठा प्रदर्शन गर्न अश्वमेध यज्ञ गर्ने परम्परा पनि थियो, जसमा घोडाको महत्वपूर्ण भूमिका रहन्थ्यो ।

पहिले घोडेजात्रा आजको जस्तो व्यवस्थित थिएन । तबेलाबाट घोडा ल्याई खुला रूपमा दौडाइन्थ्यो । त्यसबेला राजाहरू घोडामा चढेर भद्रकाली दर्शन गर्न जाने गर्थे । उनीहरूको पछिपछि दरबारका कर्मचारी तथा जनसमुदाय लाग्ने गर्थ्यो । यही परम्परा क्रमशः विकास हुँदै औपचारिक घोडेजात्राको रूपमा परिणत भएको मानिन्छ ।

समयसँगै यस पर्वमा विभिन्न आकर्षण थपिँदै गएका छन् । अहिले घोडा दौडका साथै मोटरसाइकल, साइकल तथा अन्य खेलकुद प्रतियोगिता आयोजना गरिन्छन् । सर्कस, सैनिक प्रदर्शन तथा हेलिकोप्टरबाट गरिने आकर्षक कार्यक्रम पनि लोकप्रिय बनेका छन् । यस अवसरमा सर्वसाधारणदेखि उच्चपदस्थ, राष्ट्रका विशिष्ट व्यक्तित्वहरू तथा विदेशी पाहुनासमेत सहभागी हुन्छन् ।

घोडेजात्राको सुरुआत राजा जयप्रकाश मल्लको पालामा भएको मानिन्छ । यो पर्व विशेषगरी काठमाडौं उपत्यकाका तीनै सहरमा धूमधामका साथ मनाइन्छ । यसदिन नेवार समुदायमा विवाह भएर गएकी चेलीबेटीलाई बोलाई भोज खुवाउने चलन पनि प्रचलित छ ।

समग्रमा घोडेजात्रा नेपाली समाजको एक महत्वपूर्ण सांस्कृतिक धरोहर हो । यसको धार्मिक पक्षसँगै सामाजिक महत्व अझ बढी देखिन्छ । यसले नेवार समुदायको कला, संस्कृति र परम्परालाई उजागर गर्ने महत्वपूर्ण माध्यमका रूपमा काम गर्दै आएको छ । साथै यस पर्वले पूर्वजप्रतिको कृतज्ञता र सांस्कृतिक पहिचानलाई जोगाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## सामाजिक सञ्जाल



**गोविन्दराज पोखरेल**

रुक्मिणी कोइराला, डा. गंगालक्ष्मी अवाले र प्रमीला गच्छदार कुनै सक्रिय नेताहरूका पत्नी होइनन्- उहाँहरू आफ्नै पहिचान र योगदान साथ उभिएका व्यक्तित्वहरू हुन् । महिलाहरूलाई कसैको सम्बन्धबाट मात्र चिन्ने वा त्यही रूपमा प्रस्तुत गर्ने प्रवृत्ति अन्त्य गरौं । सम्मानपूर्वक सम्बोधन गरौं ।



**ओमकुमार थापा**

अन्तरिम सरकारकी प्रम सुशीला कार्कीले आफ्नै स्वकीय सचिव विवादास्पद व्यक्ति आदर्श श्रेष्ठलाई जाँदाजाँदै राष्ट्रिय प्रकृति संरक्षण कोषमा नियुक्ति दिनु निन्दनीय मात्रै छैन कथित नागरिक सरकार प्रमुखको बेइज्जत पनि गरेकी छिन् । नयाँ भन्नेहरू सरकारमा जाँदै गर्दा यो तमासा हेर्ने त होलान् नि ?



**केपी ढुंगाना**

विवादित पिए नियुक्त गर्दा हर्ष बढाई हुन्छ भनेर नियुक्ति गरेको हैन । गाली गर्छन्, नैतिकतामा प्रश्न उठ्छ भन्ने जानेरै भएको हो । त्यसैले आदर्शको नियुक्तिमा प्रधानमन्त्री कार्कीको आदर्शबारे जसले जति प्रश्न सोधे पनि कार्की उही सविता भण्डारीको निर्णयबारे सोधिएको प्रश्न झैँ मौन रहनेछिन् ।



**अनिल राम**

नयाँ पार्टी र पुराना भनिने दलहरूबिच मैले खासै फरक देखिनँ । समानुपातिक प्रणालीको मूल मर्मलाई नै मारेर तयार गरिएको सूचीमा एउटा पनि मधेसी दलित नपर्नु अत्यन्त लाजमर्दो कुरा हो । के मधेसी दलित मान्छे होइनन् ? चुनावको बेला भोटका लागि मात्र प्रयोग गर्ने र पछि पूर्ण रूपमा बेवास्ता गर्ने ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

## 'देश, लोकतन्त्र र संविधानका लागि नयाँ जनमत उपयोग हुन सकोस्'



**काठमाडौं/मस-** पूर्वराष्ट्रपति डा.रामवरण यादवले हालैको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट प्राप्त दुई तिहाइ नजिकको जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र संघीयता जोगाउँदै देश बनाउने काममा उपयोग गर्न सक्नुपर्ने बताएका छन्।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित 'संकल्पन' पुस्तकको आज लोकार्पण गर्दै उनले जेनजी युवाहरूको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबैले स्वीकार गर्नुपर्ने र रास्वपाले त्यसलाई देश बनाउन सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिए।

'२०१५ मा पनि नेपाली कांग्रेसले दुई तिहाइ ल्याएर विपी कोइराला प्रधानमन्त्री हुनुभएको थियो। त्यसले पूरा समय काम गर्न पाएन। हालको जनमत त्यसरी खेर नजाओस्', पूर्वराष्ट्रपति डा. यादवले भने, 'देश, संविधान, लोकतन्त्र, सङ्घीयता, धर्म निरपेक्ष, समावेशीता सबै बचोस्। संविधानको पालनाको काम होस्, तर आगामी निर्वाचनमा प्रतिपक्ष नरहने गरी आफू मात्रै जित्नुपर्छ भन्ने सोच कसैले राख्नुहुँदैन। प्रतिपक्षविना लोकतान्त्रिक प्रणाली बलियो हुनसक्दैन।'

कार्यक्रममा नेपाली कांग्रेसका नेता डा.मिनेन्द्र रिजालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा बहुमत प्राप्त पार्टीले देशको निर्माणको नेतृत्व लिनुपर्ने र त्यसमा अरु सबै पार्टी र नागरिकले आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिए। मुलुकमा २०७४ यता 'कारोबारी राजनीति' र गठबन्धनको संस्कार चलिरहेकामा पछिल्लो जनमतले त्यसमा 'ब्रेक' लगाएको उल्लेख गर्दै उनले अब विगतका गल्ती नदोहोर्‍याउँदै मुलुक अगाडि बढ्नुपर्ने धारणा राखे। पूर्वमन्त्री डा. रिजालले लोकतान्त्रिक व्यवस्थामा सूचना प्रविधिलाई गलत मनसाय राखेर नियमन गर्ने वा प्रतिपक्षविनाको राजनीतिक प्रणालीको कल्पना गरिनु उचित नहुने बताए।

## महिलालाई आत्मनिर्भर बनाउन सिलाइ-कटाइ तालिम



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ चैत

जिल्लाको ईशनाथ नगरपालिकामा महिलाको आर्थिक सशक्तीकरणलाई केन्द्रमा राख्दै सिलाइ-कटाइ तालिम सुरु गरिएको छ। नेपाल-भारत मैत्री संघको आयोजनामा सोमबार आयोजित एक कार्यक्रममार्फत तालिमको औपचारिक उद्घाटन गरिएको हो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै नगर प्रमुख कौशल्या देवीले महिलाहरू आर्थिक रूपमा सबल नभएसम्म समाजको दिगो विकास सम्भव नहुने बताइन्। उनले सीपमूलक तालिममार्फत महिलालाई आत्मनिर्भर बनाउने पहल समयसापेक्ष रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले घरमै बसेर स्वरोजगार सिर्जना गर्न सहयोग पुग्ने धारणा राखिन्।

साथै, नगरपालिकाले आगामी दिनमा महिला उत्थान र सीप विकासका कार्यक्रमलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता पनि व्यक्त गरिन्। आयोजकका अनुसार तालिमलाई प्रभावकारी बनाउन दैनिक दुई सिफ्टमा सञ्चालन गरिनेछ। प्रत्येक सिफ्टमा १० जनाका दरले महिलाहरू सहभागी हुने व्यवस्था मिलाइएको छ। १५ दिनसम्म सञ्चालन हुने तालिममा अनुभवी प्रशिक्षक ममता सिंह र अलाउद्दीन मिया धुनियाले प्रशिक्षण दिनेछन्।

नेपाल-भारत मैत्री संघका अध्यक्ष ग्रिषनन्दन कुमार सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष तजमुल खाँसहित स्थानीय समाजसेवी तथा सरोकारवालाको उपस्थिति रहेको थियो। अध्यक्ष सिंहले विपन्न तथा पछाडि परेका वर्गका महिलालाई व्यावसायिक सीप प्रदान गर्दै जीवनस्तर उकास्ने लक्ष्यसहित कार्यक्रम ल्याइएको बताए। उनले यस्ता पहलले महिलाको सामाजिक प्रतिष्ठा बढाउनुका साथै नेपाल-भारतबीचको जनस्तरको सम्बन्धलाई समेत सुदृढ बनाउने विश्वास व्यक्त गरे। तालिममा सहभागी महिलाहरूलाई सिलाइ-कटाइका आधारभूत सीपसँगै बजारमा माग भएका आधुनिक डिजाइनसम्बन्धी ज्ञान प्रदान गरिनेछ। यसबाट स्थानीय तहमा उद्यमशीलता विकास भइ वैदेशिक रोजगारीप्रतिको निर्भरता घट्ने अपेक्षा गरिएको छ।

## फोहोर प्रशोधन केन्द्र बनाउन भरतपुरले छुट्यायो तीन करोड

**चितवन/मस-** भरतपुर महानगरपालिकाको फोहोर प्रशोधन केन्द्र निर्माणका लागि वन मन्त्रालयसँग जग्गा लिने प्रक्रिया अन्तिम चरणमा पुगेको छ। जग्गाको भोगाधिकार र वृक्षरोपणका लागि मन्त्रालयलाई भुक्तान गर्नुपर्ने रकम महानगरले विनियोजन गरेको छ। महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीका अनुसार भरतपुर महानगरपालिका-११ मा रहेको राष्ट्रिय वन क्षेत्रमा करिब १६ बिगाह जग्गा भोगाधिकारका लागि आवश्यक तीन करोड बजेट कार्यपालिकाले सुनिश्चित गरेको छ।

महानगरपालिकाले यसअघि नै पाँच करोड १९ लाख ७५ हजार रुपैयाँ भुक्तान गरिसकेको छ। मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन तयार भई स्वीकृत भएपछि रकम भुक्तान गर्न भनेको अधिकारीले जानकारी दिए। उनका अनुसार वातावरण प्रभाव मूल्यांकनका लागि आवश्यक तथ्यांक र कागजातहरु उपलब्ध गराई सकिएको छ। मन्त्रालयले वातावरण प्रभाव मूल्यांकन स्वीकृत भएपछि रूख कटान थाल्ने आश्वासन दिएको छ। जग्गा भोगाधिकार र एक बिरुवा कटान गरे बापत १० बिरुवा रोपेर पाँच वर्षसम्म संरक्षणका लागि महानगरले यसअघि नै पाँच करोड १९ लाख ७५ हजार भुक्तान गरेको महानगरपालिकाको वातावरण महाशाखा प्रमुख विराट घिमिरेले बताए। अब रोपिने बिरुवा संरक्षणका लागि एक करोड ९० लाख विनियोजन गरिएको हो। हाल महानगरपालिकामा दैनिक ८० टन भन्दा बढी फोहोर संकलन हुने गरेको छ जसलाई आँपटारीको नजिकै खोल्सामा व्यवस्थापन हुँदै आएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०८/०६ मा दर्ता भएको **प्रा. लि. नं. २२८७८८** को **राम्रो निड्स मार्ट प्रा. लि** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरएको छ।

**Government of Madhesh Province**
**Ministry of Physical Infrastructure Development**

# Infrastructure Development Directorate
# Infrastructure Development Office, Saptari

## Invitation for Bidders

**(IFB No.: 04/2082/83/IDO/Saptari)**
**Date of Publication: 2082/12/04 (18th March, 2026)**

1. Infrastructure Development Office (IDO), Saptari, invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following works under NCB Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description and location of work | Estimate Amount in NRs. (Exclusive PS & VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Saptari/Works/ NCB/31-2082/83 | Saptari tilathi koilkadi ga.pa-3 Bhagwat mandal ko ghar dekhi guna jha ko ghar samma sadak dhalan tatha nala nirman | 25,56,510.94/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 2 | IDO/Saptari/Works/ NCB/32-082/083 | Road Casting and drain construction in Lokhar, Chhinnamasta Rural Municipality-5, Saptari | 25,64,283.04/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 3 | IDO/Saptari/Works/ NCB/33-082/083 | Construction of Earthwork Gravel and RCC Road on Saptari Rupani-3 Kataiya from Ishar Sah's house to Bghawati temple to Chhapki Bhathaul Road | 34,11,515.73/- | 1,00,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 4 | IDO/Saptari/Works/ NCB/34-082/083 | Upgrading work on Saptari Rupani-3 Kataiya from Ganesh Pan Shop to Piprahi to Rupani Rajbiraj Highway | 42,70,564.48/- | 1,25,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 5 | IDO/Saptari/Works/ NCB/35-082/083 | Construction of Earthwork Gravel and RCC Road on Saptari Rupani-3 Kataiya from Fatte Pramani's house to Ramjanki temple on north side | 38,42,464.81/- | 1,15,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 6 | IDO/Saptari/Works/ NCB/36-082/083 | Road upgrading work on Saptari Rupani-4 from Magain khang's house to Jogindra khang's house | 29,82,930.45/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 7 | IDO/Saptari/Works/ NCB/37-082/083 | Saptari tilathi koilkadi ga.pa-2 Wada karyalaya dekhi Bairsu Culvert sama sadak starunanti | 25,55,609.85/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 8 | IDO/Saptari/Works/ NCB/38-082/83 | Saptari Mahadeva Gaa.Paa.-6 Hanuman Mandir Dekhi Kamat Jane Bato Sadak Dhalan | 25,28,409.08 | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 9 | IDO/Saptari/Works/ NCB/39-082/83 | Saptari balan bihul ga.pa.-1 anil bhindwarko pasal dekhi jibchh gohitmanko phulwari samma R.C.C.dhalan | 29,53,846.56/- | 90,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 10 | IDO/Saptari/Works/ NCB/40-082/83 | Saptari balan bihul ga.pa.-6 sehra musalman tolko transmeter dekhi hunam mandir hudai santos sah ko ghar hudai rambalk yadavko ghar samma andajee 500 meter P.C.C.dhalan | 25,25,965.59/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 11 | IDO/Saptari/Works/ NCB/41-082/83 | Necessary Construction Works within Premises of HighCourt Janakpur Rajbiraj Branch | 29,85,016.57/- | 90,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 12 | IDO/Saptari/Works/ NCB/42-082/83 | RCC Casting in Pokhariya, Shambhunath-8, Saptari | .42,60,227.76/- | 1,30,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 13 | IDO/Saptari/Works/ NCB/43-082/83 | RCC road casting works from the house of Chuni Sardar, via the house of Prabhu Yadav, up to the house of Shivpujan Mandal, Shambhunath Municipality–9, Saptari | 29,70,059.78/- | 90,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 14 | IDO/Saptari/Works/ NCB/44-082/83 | Road casting work from the house of Sindhi Sah to the Ward Office, Shambhunath Municipality–10, Saptari | 25,30,218.07/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 15 | IDO/Saptari/Works/ NCB/45-082/83 | Construction of a ghat at the old hut (Kuttee) of Dihivar Baba in Fakira Tole, Rajgadh Rural Municipality-06, Saptari | 25,71,906.70/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 16 | IDO/Saptari/Works/ NCB/46-082/83 | Saptari Ha. Ka. Na. Pa. 1 B.P. Smarik Public Madhyamik Bidhyalaya, Bhardaha-1, Starunnati | 4,287,084.68 /- | 1,30,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 17 | IDO/Saptari/Works/ NCB/47-082/83 | Construction work of a boundary wall at the publicly known place called Kamat in Tikuliya, Ward No. 9 of Saptari Surunga Municipality | 34,68,634.95/- | 1,00,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 18 | IDO/Saptari/Works/ NCB/48-082/83 | R.C.C. Casting construction on the western pond embankment, starting from the house of Ram Saran Mandal in Ward No. 11 of Saptari Surunga Municipality | 26,01,429.94/- | 80,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 19 | IDO/Saptari/Works/ NCB/49-082/83 | RCC bridge over a small river on the western side of Rampur village, Saptari Surunga Municipality–11 | 38,42,038.59/- | 1,20,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 20 | IDO/Saptari/Works/ NCB/50-082/83 | Construction of a community building near Khajanpur police station, Surunga Municipality–11 | 34,73,378.39/- | 1,00,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 21 | IDO/Saptari/Works/ NCB/51-082/83 | Construction of Unfinished community building located in Surunga Municipality 3, Laxmipuri | 38,09,754.25/- | 1,10,000/- | 120 days from deadline of bid submission | 3,000/- | |

2. Date of Purchasing, Submission & Opening of Bids

| Deadline of Bid Purchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details for Bid Security Cash Deposit |
|---|---|---|---|---|
| On or Before 17th April, 2026 (2083-01-04) Till 12:00 hours | On or Before 17th April, 2026 (2083-01-04) Till 12:00 hours | 17th April, 2026 (2083-01-04) at 13:00 hours | Rastriya Banijya Bank, Saptari Office Code No: - 3370115012 Account no: - 1000100200010000 | Rastriya Banijya Bank, Saptari Office Code No: - 3370115012 Account no: - 2180100202030000 Kha-2.3 Dharauti Khata/Pra.Le.Ni.Ka |

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit the IDO, Rajbiraj, Saptari (Contact no. 9852827525).
4. All the rights to accept or reject the bids are reserved to IDO, Rajbiraj, Saptari without specifying any reasons if any.

**Office Chief**

## १३औं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला चैत ५ देखि

# २६० बढी विदेशी कलाकार सहभागी हुने



**काठमाडौं / मस–** नेपाली लोक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित '१३औं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला २०८२' आगामी चैत ५ गतेदेखि आयोजना हुने भएको छ । एभरेष्ट नेपाल कल्चरल ग्रुपले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार मेला नेपाल पुलिस क्लबमा समुद्घाटन गरिनेछ ।

ग्रुपका अध्यक्ष आरसी कोइरालाका अनुसार फागुन १५ देखि २४ गतेसम्म गर्ने तय गरिएको मेला निर्वाचन कार्यतालिकासँग जुधेपछि सारेर चैत ५ देखि १४ गतेसम्म सञ्चालन गर्न लागिएको हो । 'पर्यटक कलाकारको स्वागत सत्कार, नेपाली लोक संस्कृतिको आधार' भन्ने मूल नारासहित आयोजना गरिने मेलामा विभिन्न देशका कलाकार हरूको सहभागिता रहनेछ ।

आयोजकका अनुसार यसपटकको मेलामा बोत्सवाना, इस्टोनिया, इजरायल, जर्मनी, भारत, ताइवान, टर्की, पोल्यान्ड, दक्षिण अफ्रिकालगायत देशबाट २६० भन्दा बढी कलाकार सहभागी हुने तय भइसकेको छ । यद्यपि अन्तर ाष्ट्रिय उडान र यात्रासम्बन्धी केही समस्याका कारण केही देशको सहभागिता घट्न सक्ने जनाइएको छ ।

संस्थाले विगत दुई दशकदेखि नेपाली सांस्कृतिक विविधतालाई विश्वसामु प्रस्तुत गर्दै आएको जनाएको छ । हालसम्म १२ संस्करण सम्पन्न भइसकेका मेलामा ८६ भन्दा बढी देशका ९ हजारभन्दा बढी कलाकारले सहभागिता जनाइसकेको विज्ञप्तिमा उल्लेख छ । त्यस्तै, संस्थाले ७८ भन्दा बढी देशमा पुगेर नेपाली लोक संस्कृति प्रवर्द्धन गर्दै आएको पनि बताइएको छ ।

नेपालजस्तो बहुजातीय र बहुभाषिक मुलुकमा प्रत्येक समुदायका आ-आफ्नै मौलिक भाषा र संस्कृति रहेको उल्लेख गर्दै आयोजकले पछिल्लो समय युवापुस्तामा बढ्दो पाश्चात्य प्रभावका कारण मौलिक संस्कृतिप्रति चासो घट्दै गएकोप्रति चिन्ता व्यक्त गरेको छ । यस्तो अवस्थामा सांस्कृतिक संरक्षण र पुस्तान्तरणका लागि यस्ता कार्यक्रम आवश्यक रहेको ग्रुपको भनाइ छ ।

मेलाअवधिभर सहभागी कलाकारहरूले आ-आफ्नो देशको पहिचान झल्कने वेशभूषासहित लोक नृत्य, गीत तथा सांस्कृतिक झाँकी प्रस्तुत गर्नेछन् । साथै काठमाडौं उपत्यकाका विभिन्न विद्यालयहरूमा पुगेर विदेशी कलाकारहरूले सांस्कृतिक प्रस्तुति दिने र विद्यार्थीहरूसँग अन्तरक्रिया गर्ने कार्यक्रमसमेत तय गरिएको छ ।

यस वर्षको मेला काठमाडौंसँगै पोखरा, ललितपुर, काभ्रेको पाँचखाल र बुढानीलकण्ठ क्षेत्रमा समेत विस्तार गरिने जनाइएको छ । विशेषगरी पाटन दरबार र हनुमानढोका दरबारजस्ता ऐतिहासिक तथा विश्व सम्पदा क्षेत्रमा कार्यक्रम आयोजना गरिनेछ, जसबाट सांस्कृतिक सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ ।


## Renewable Energy Confederation of Nepal (RECON)

Raja Janak Marga, Tinkune, Kathmandu, Nepal
Tel: +977-9851311529 | Email: reconnepal11@gmail.com | Web: recnepal.org

### Invitation For Bids

**Date of first publication : 2082-12-04 BS**

***Renewable Energy Confederation of Nepal (RECON)***, Kathmandu, invites **sealed bids** from eligible and qualified suppliers/firms for the **Supply, Delivery, Installation, Commissioning and After-Sales Service of 5 kWp Institutional Solar PV System (ISPS)** at three community health facilities in Roshi Rural Municipality, Kavrepalanchowk District, under the project *"Sustainable Healthcare Service through Renewable Energy at Roshi Rural Municipality, Kavrepalanchowk District"* (DFAT Agreement No. 81234), funded by the **Australian Government - Department of Foreign Affairs and Trade (DFAT)**. All other information and Bid Documents can be obtained from the RECON office. All eligible bidders are requested to submit only sealed bids as per the instructions mentioned below.

| S. N. | Name of Project | Contract ID | Bid Document Fee (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Supply, Delivery, Installation, Commissioning and After-Sales Service of 5 kWp ISPS at Roshi Rural Municipality, Kavrepalanchowk (3 Sites) | RECON-ISPS-01/2082 | 3,000/- | 67,500/- |

**Last date of bid submission : 2083-01-04, 12:00 PM**
The cost of the bidding document should be submitted in cash at the RECON office.

**Project Management Unit**
Renewable Energy Confederation of Nepal (RECON), Raja Janak Marga, Tinkune, Kathmandu, Nepal |
Tel : +977-9851311529 | Email : reconnepal11@gmail.com

## जापानमा रोजगार

कम्पनी : MENKOI COOPERATION ASSOCIATION
पूर्व स्वीकृत मिति: २०८२/१२/03
चलानी नं.: ६०२५३४९५
शहर : MORIOKA
Lt. No.: 340042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trainee/intern Worker (Food Processing) | 0 | 14 | स. काममा दक्ष | 180376 | १,६७,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ चैत ११ गते (25 March 2026) मा हुनेछ ।**

■ **जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

RED SEA Employment Services Pvt. Ltd.
Govt Lic. No. 1438/074/075
**RED SEA EMPLOYMENT SERVICES PVT.LTD.**
Basundhara 5 , Kathmandu, Tel: 01-5911875 | Email: info@redseaemplloyment@gmail.com, redseaemployment2022@gmail.com, Web.: www.redseaemployment.com

## TRIBHUWAN UNIVERSITY
## Tehrathum Multiple Campus

Aathrai-06, chuhandada, Tehrathum
Koshi Province, Nepal

### Invitation for Online Bids

**Date Of Publication: 2082/12/04 (2026 March 18)**

**Tehrathum multiple campus,aathrai-6, Chuhandada, Tehrathum** invites online bids under E-procurement system from eligible bidders for the procurement of following works under National competitive bidding.

| Contract Identification Number and description of works | Bid Security Amount (NRs.) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Bid Capacity |
|---|---|---|---|---|---|
| TMC/NCB/Works/No-082/083-01(CONSTRUCTION OF BOYS HOSTEL BUILDING IN TEHRATHUM MULTIPLE CAMPUS, TEHRATHUM) | 6,00,000.00 | 5000.00 | 19-04-2026 12:00 PM | NCB | 2,50,00,000.00 |

Eligible bidders may obtain further information and inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Tehrathum multiple campus.

**Campus Chief**

## Government of Nepal (GoN)
## Ministry of Health & Population
## Bhaktapur Cancer Hospital

Dudhpati, Bhaktapur

### Invitation for Bids

**Date of publication: 2082/12/04**

Bhaktapur Cancer Hospital (BCH) invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding (NCB) Procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Description | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/GOODS/NCB/082/83/03 | Procurement of Emergency Drugs | NPR. 1000.00 | NPR. 37,500.00 |
| BCH/GOODS/NCB/082/83/04 | Procurement of General Medicines and Surgical Items for Hospital Pharmacy | NPR. 5000.00 | As mentioned in Bid document |
| BCH/GOODS/NCB/082/83/05 | Procurement of General Medicines and Surgical Items | NPR. 5000.00 | As mentioned in Bid document |

## बीमालेख हराएको सूचना

यस हिमालयन लाइफ इन्स्योरेन्स लि. बाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको हिमालयन लाइफ इन्योरेन्स लि. मा निम्न लिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

**Name : Kailash Prasad Chaudhary**
**Address : Daulatpur Vdc, Ward No.-4 Saptari**
**Policy No : GLI0001249**
**सम्पर्क : हिमालयन लाइफ इन्योरेन्स लि. हात्तिसार, काठमाण्डौ, ०१–५९७००५७**

## एनएमबि बैंक लिमिटेड,

बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/१२/०४

यस बैंकको निक्षेपकर्ता श्री चन्द्र लाल ढकालकी नातिनी, श्री देवी प्रसाद ढकालकी छोरी मोरङ्ग जिल्ला, बेलबारी नगरपालीका वडा नं ०३ बस्ने श्रीमती **थर्क माया जमर कटेल**को ७२ वर्षको उमेरमा मिति २०८२/०९/१७ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री धर्म प्रसाद जमारकटेलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा धर्म प्रसाद जमारकटेलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८२/१२/०४**

**मनकामना ड्रग हाउस प्रा. लि.** को मिति २०८२/११/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेचर बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २९७५१५)** कायम गर्ने गरी मिति २०८२/१२/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शितगंगा १२ चौकीदमारमा घाटगद्दी गरी राखिएको साल जातको काठ ५७९६.१३ क्यू. फि., अन्य जातको ५४४.७४ क्यू.फि. साल दाउरा २३.७५ चट्टा र अन्य दाउरा ७.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री डोहोटे सामुदायिक बन उपभोक्ता समूह**
**शितगंगा न.पा. १२ डोहोटे अर्घाखाँची**

# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **जुजु नाथ श्रेष्ठ**<br>बाबु : गण नाथ श्रेष्ठ<br>बाजे : भोला नाथ श्रेष्ठ | काठमाण्डौ जिल्ला, शंखरापुर नगर पालिका वडा नं ११ | बचत खाता नं: **१३९१००१७५०१८३४** | न्युरोड | **२०८२/०८/२६** | काठमाण्डौ जिल्ला, शंखरापुर नगरपालिका वडा नं ११ बस्ने निशा हाडा (श्रीमती) |
| २ | **मया देवी पोखरेल**<br>बाबु : हरी नारायण तिवारी<br>बाजे : भैरब नाथ तिवारी | काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा. वडा नं. ७ | बचत खाता नं **३७१००१७५१४०७९** | बालाजु | **२०८२/०९/१७** | जिल्ला गोरखा सिरानचोक गाँउपालिका ०४ बस्ने कृष्ण प्रसाद पोखरेल (श्रीमान) |
| ३ | **बिष्णु पराजुली**<br>बुबा : महेन्द्र बहादुर पराजुली<br>आमा : इन्दिरा कुमारी पराजुली | मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ०१ | बचत खाता नं. **०८७१००१७५१०३३५** | बिराटचोक | **२०८२/०९/१०** | मोरङ्ग जिल्ला, सुन्दरहरैचा, न.पा वडा नं.०१ बस्ने इन्दिरा पराजुली (आमा) |
